मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९



★ वर्ष : २८ ★ अङ्क : १८१ ★ ने. सं. ११४६ दिला थ्व, नवमी ★ बिहीबार ★ ७ साउन, २०८३ ★ July 23, 2026, Thursday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


# गाजाको कुनै पनि क्षेत्र प्यालेस्टिनीहरूका लागि सुरक्षित छैन : ओएचसीएचआर



जेनेभा, ५ साउन (क्यूएनए) । संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालय (ओएचसीएचआर) ले युद्ध-विराम घोषणा भएको नौ महिना भइसक्दा पनि गाजापट्टिका कुनै पनि क्षेत्र प्यालेस्टिनीहरूका लागि सुरक्षित नभएको पुष्टि गरेको छ ।

इजरायली सेनाले युद्ध-विरामको बाबजुत पछिल्लो समयमा गाजापट्टिका विभिन्न क्षेत्रमा आफ्ना आक्रमणहरू बढाएको जनाइएको छ । जसका कारण अधिकांश प्यालेस्टिनी महिला तथा बालबालिकालगायत अन्य मानिसहरूले मृत्यु वरण गर्नु परेको ओएचसीएचआरले जनाएको छ । इजरायली सेनाले आवासीय भवनहरू, आन्तरिक रूपमा विस्थापित मानिसहरूलाई आश्रय दिने विस्थापित शिविर र अन्य मानवीय जन-घनत्व धेरै भएका क्षेत्रहरूलाई लक्षित गरी आक्रमण गर्दा धेरै मानवीय क्षति भएको ओएचसीएचआरले प्रस्ट पारेको छ ।

ओएचसीएचआरका प्रवक्ता थमीन अल-खितानले कार्यालयले सन् २०२५ अक्टोबरदेखि सन् २०२६ अप्रिलको मध्यसम्म इजरायली आक्रमणमा परी ६८५ जना प्यालेस्टिनी नागरिकको हत्या भएको पुष्टि गरेको छ । जसमा अधिकांश महिला तथा बालबालिका रहेको जनाउँदै उहाँले सनाखत तथा प्रमाणीकरणको काम जारी रहेको बताउनुभएको छ ।

गत जुलाई १३ देखि २० सम्म ओएचसीएचआरलले इजरायली सेनाले ६ जना बालबालिका र आठ जना महिलासहित कम्तीमा ५७ जना प्यालेस्टिनीको हत्या गरेको रेकर्ड गरेको छ । यी पीडितहरूमध्ये ३४ जना इजरायली सेनाले लगाएको 'पहेँलो रेखा' बाट टाढाका क्षेत्रमा मारिएको प्रवक्ताले प्रस्ट पार्नुभएको छ ।

निरन्तरको आक्रमणहरूमा भएको नागरिकहरूको हत्याले गाजामा अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घन र युद्ध अपराध तथा अन्य सम्भावित दुर्घटनाको जोखिम बढेको चिन्ता उत्पन्न गरेको ओएचसीएचआरले चेतावनी दिएको छ । अन्तर्राष्ट्रिय कानुनअनुसार सर्वसाधारणलाई जानाजानी आक्रमण गर्नु युद्ध अपराध भएको ओएचसीएचआरको कार्यालयले औंल्याएको छ ।

लामो युद्धका कारण गाजामा प्यालेस्टिनीहरू सधैं सङ्कुचित जीवन बाच्न बाध्य रहेको जनाउँदै ओएचसीएचआरले इजरायली कब्जा शक्तिले 'पहेँलो रेखा' बाट लगातार पश्चिमतिर सर्दै निरीह प्यालेस्टिनीहरूको जीवनलाई निरन्तर खतरामा राखी प्यालेस्टिनीहरूमाथि नियमित रूपमा द्वन्द्वको श्रृङ्खला चलाएको उल्लेख गरेको छ ।

यसैबिच ओएचसीएचआरका प्रवक्ता अल-खितानले गाजामा प्यालेस्टिनीहरूमाथि निरन्तर जारी गरिएका मानव अधिकार उल्लङ्घनजन्य पीडा र दुःखलाई बेवास्ता गर्न नसकिने विषयमा जोड दिनुभएको छ ।

*बाँकी पृष्ठ ८ मा*

# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप-६३

**जिल्ला प्रशासन कार्यालय बाँके**

भदौ २३ गते बी.पी. चोकमा अन्दाजी ५००/६०० जना भेला भएर करिब १५:०० बजेको समयमा ढुङ्गा र बोटल प्रहार भयो । कोहलपुर चौराहमा बिहान अन्दाजी १०:२५ बजे भेला भएका करिब ३०० जनाले मध्याह्न करिब १२:२५ बजे कोहलपुर नगरपालिकाको गेट अगाडि नारा जुलुस गरे ।

प्रदर्शनकारीहरूले भदौ २४ गते बिहान करिब १० बजे एमालेको पार्टी कार्यालयमा आगजनी गरेपछि नेपाली काङ्ग्रेस, बाँकेको पार्टी कार्यालयमा पनि आगजनी गरे । त्यसपछि आन्तरिक राजस्व कार्यालय, राजस्व अनुसन्धान कार्यालय, कोहलपुर नगरपालिका, कोहलपुरस्थित नापी कार्यालय, मालपोत कार्यालय कोहलपुर, इलाका प्रशासन कार्यालय कोहलपुर, नेपालगञ्ज उपमहानगरपालिका कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला अदालत, उच्च अदालत, उच्च सरकारी वकिलको कार्यालय, जिल्लास्थित नापी कार्यालय, मालपोत कार्यालय, जिल्ला हुलाक कार्यालय, कृषि ज्ञान केन्द्र, भन्सार कार्यालयलगायतका दर्जनौँ सरकारी कार्यालयका भवन, सवारीसाधन, भवनभित्रका फर्निचर, कम्प्युटर, कागजातलगायतका सरकारी सम्पत्तिमा व्यापक तोडफोड, आगजनी र लुटपाट समेत गरे । नेपालगञ्ज बजारस्थित विभिन्न चोकमा रहेका बीपी कोइराला, पुष्पलाललगायतका सालिकहरूमा तोडफोड गरे । नेपालगञ्ज बजार क्षेत्रमा रहेको ट्राफिक प्रहरी पोस्टसहित केही प्रहरी पोस्ट भत्काउने कार्यसमेत भयो ।

निजी सम्पत्तिमाथिको तोडफोड, आगजनी र लुटपाटको घटना हेर्दा यस जिल्लामा कोहलपुर नगरपालिकाका नगर प्रमुख, उपप्रमुख र केही वडाध्यक्षको घरमा क्षति पुगेको बाहेक अन्य निजी सम्पत्तिको नोक्सानी भएको देखिएन । बिहान करिब १०:०० बजेपछि सुरु भएको तोडफोड, आगजनी र लुटपाटको कार्य दिउँसो २ बजेपछि झन्झन् आक्रामक बन्दै दिउँसो २ बजेपछि स्थिति नियन्त्रण बाहिर गएको थियो ।

नेपाली सेनाका प्रमुख सेनानीबाट प्रमुख जिल्ला अधिकारीको सुरक्षाका लागि जिल्ला प्रशासन कार्यालयबाट नजिकै ( अन्दाजी २५० मिटर) रहेको नेपाली सेनाको पोस्टमा सर्नु उपयुक्त हुने सुझाव प्राप्त भएपछि गृह मन्त्रालयमा समेत अवस्था जाहेर गर्दा सोही आशयको मार्गदर्शन प्राप्त भएपछि दिउँसो करिब ३:३० बजेपछि प्रमुख जिल्ला अधिकारी ४ बाहिनी पोस्टमा गएको हो । नेपाली सेनाको पोस्टमा पुगेको करिब १०-१५ मिनेट नबित्दै प्रदर्शनकारीको समूहले जिल्ला प्रशासन कार्यालय चोकमा आक्रमण गरी तोडफोड, आगजनी र लुटपाट गरे ।

भदौ २४ गते राति १० बजेपछि नेपालगञ्ज उपमहानगरपालिकाभित्रका विभिन्न स्थानमा चोरीका घटना बढ्न थालेको फोनमार्फत सूचना प्राप्त भयो । तत्पश्चात् जिल्ला सुरक्षा समितिका सबै पदाधिकारी सम्मिलित सुरक्षा टोली राति १०:०० बजेबाट परिचालित भयो । बजारको मुख्य मुख्य चोकहरूको अवस्था नियाल्दै गस्ती अगाडि बढिरहेको समयमा "नेपालगञ्ज भन्सार कार्यालयमा सामान चोरी हुँदै छ" भनी उक्त कार्यालयका प्रमुखबाट फोन आएपछि हाम्रो टोली सिधै नेपाल-भारत सीमानाका जमुनाहमा रहेको भन्सार कार्यालय पुग्यो । हामी भन्सार नाका परिसरमै रहेका बखत मलाई एउटा अज्ञात नम्बर (मेरो मोबाइलमा सेभ नभएको नम्बर) बाट फोन आयो । फोनमा बोल्ने व्यक्तिले बाल सुधारगृहमा भर्खरै गोली चलेको र त्यसबाट आफ्ना केही साथी घाइते भएको सूचना दियो । राति करिब १०:३० देखि ११:०० बजेको समयमा मैले आफूसँगै रहेका नेपाल प्रहरी र सशत्र प्रहरी बल, नेपालका प्रहरी उपरीक्षकद्वयलाई सोधनी गर्दा दुबै जनाले गोली नचलेको तर केही राउन्ड हवाई फायरमात्र भएको जानकारी दिए ।

भदौ २४ गते राति १० बजेपछि नेपाली सेना परिचालनपश्चात् भदौ २५ गते दिउँसो करिब १ बजेतिर जयन्दु बाल सुधार गृहबाट १२३ जना बाल विज्याइकर्ता भागेको खबर प्राप्त भयो । त्यसपछि प्र.जि.अ.को नेतृत्वमा जिल्ला सुरक्षा समिति उक्त स्थानमा पुगी माइकिङ गरी भागेका व्यक्तिलाई तत्काल फिर्ता हुन अनुरोध गर्दा ३ जना बाल विज्याइकर्ता फिर्ता आए । प्रदर्शनकारीबाट तोडफोड, आगजनी र लुटपाट हुँदासमेत सुरक्षाकर्मी अपेक्षित रूपमा परिचालन हुन सकेन । भदौ २४ गतेको तोडफोड, आगजनी र लुटपाटका कार्यमा विभिन्न आपराधिक प्रवृत्ति र पृष्ठभूमिका व्यक्तिहरू बढी संलग्न रहेको देखिन्छ ।

**सुरक्षा निकायहरूको परिचालन र समन्वय**

बाँके जिल्लाको हकमा भदौ २३ गते यस जिल्लास्थित नेपालगञ्ज उपमहानगरपालिका र कोहलपुर नगरपालिकामा भएका दुवै प्रदर्शनमा सुरक्षा निकायहरूको प्रभावकारी परिचालन र समन्वयका कारण कुनै अप्रिय घटना घटेन ।

**व्यङ्ग्यचित्रको कुनो**





भक्तपुर नगरपालिकाद्वारा संचालित

## ख्वप इन्जिनियरिङ्ग कलेज

(पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)

**शैक्षिक प्रदर्शनी अवलोकनका लागि अनुरोध**

आरोहण २.०

भक्तपुर नगरपालिकाद्वारा संचालित यस कलेजमा स्नातक तहको आर्किटेक्चर र इन्जिनियरिङ्ग शैक्षिक कार्यक्रमहरुमा अध्ययनरत विद्यार्थीहरुको सक्रियतामा मिति २०८३ साउन ७ र ८ गते हुने "AAROHAN 2.0 - National Exhibition" शैक्षिक प्रदर्शनी अवलोकनका लागि विद्यार्थी, शिक्षक, अभिभावक लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछौं ।

**शैक्षिक प्रदर्शनी कार्यक्रम :**
मिति : २०८३ साउन ७ र ८ गते, बिहीबार र शुक्रबार ।
समय : पहिलो दिन विहान ९:०० बजेदेखि दिनको ४:०० बजेसम्म ।
दोस्रो दिन विहान ८:०० बजेदेखि दिनको ३:०० बजेसम्म ।
स्थान : कलेज परिसर, लिबाली ।



**हनुमानढोका दरबार क्षेत्र अवलोकन गर्दै विद्यार्थी**

विश्व सम्पदा सूचीमा सूचिकृत हनुमानढोका दरबार क्षेत्रको अवलोकन गर्न आएका काठमाडौँको बुढानीलकण्ठस्थित सनराइज बोर्डिङ स्कूलका विद्यार्थी ।

*तस्बिर: नवीन पौडेल/रासस*

# सौर्य ऊर्जा व्यवस्थापन र विद्युत् भण्डारणका नयाँ प्रविधि सार्वजनिक

काठमाडौँ, ६ साउन । नेपालमा सौर्य ऊर्जा उत्पादन विस्तारसँगै विद्युत् प्रणालीलाई स्थिर, भरपर्दो र प्रभावकारी बनाउने आवश्यकता बढिरहेका बेला हुवावेले सौर्य ऊर्जा व्यवस्थापन र विद्युत् भण्डारणसम्बन्धी दुई नयाँ प्रविधि सार्वजनिक गरेको छ ।

कम्पनीले बुधबार यहाँ आयोजित कार्यक्रममा 'फ्युजनसोलार ९.० स्मार्ट सौर्य ऊर्जा' (पीभी) र 'लुटेरा ग्रिड-फर्मिङ विद्युत् ऊर्जा भण्डारण प्रणाली' (इएसएस) सार्वजनिक गरेको हो ।

कम्पनीका अनुसार फ्युजनसोलार ९.० स्मार्ट सौर्य ऊर्जा (पीभी) ठुला क्षमताका सौर्य आयोजनाका लागि लक्षित गरी बनाइएको विकसित डिजिटल प्रणाली हो । यसले कृत्रिम बौद्धिकता (एआई) र डिजिटल प्रविधिको प्रयोगमार्फत सौर्य ऊर्जा उत्पादनको दक्षता बढाउने, सञ्चालन तथा व्यवस्थापनलाई सहज बनाउने र विद्युत् उत्पादनलाई थप प्रभावकारी बनाउने लक्ष्य राखेको छ ।

त्यसैगरी, लुटेर्रा ग्रिड-फर्मिङ विद्युत् ऊर्जा भण्डारण प्रणाली (ईएसएस) ले उत्पादन भएको विद्युत् आवश्यकताअनुसार भण्डारण गर्ने, माग बढेका बेला पुन: आपूर्ति गर्ने तथा विद्युत् प्रणालीको स्थायित्व कायम राख्न सहयोग गर्ने कम्पनीको भनाइ छ । नवीकरणीय ऊर्जाको उत्पादन मौसमअनुसार घटबढ हुने भएकाले यस्तो ऊर्जा भण्डारणका लागि यो प्रविधि उपयोगी भएको कम्पनीको भनाइ छ ।

नेपालमा जलविद्युत्सँगै सौर्य ऊर्जा प्रवर्द्धनको प्रयास भइरहेका बेला विद्युत् प्रणालीलाई सन्तुलित र भरपर्दो बनाउन ऊर्जा भण्डारण प्रविधिको भूमिका महत्त्वपूर्ण मानिएको छ । विशेषगरी सौर्य ऊर्जा उत्पादन दिनको समयमा केन्द्रित हुने र मागको समय फरक हुने भएकाले ऊर्जा भण्डारण प्रणालीले विद्युत् व्यवस्थापनमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

कार्यक्रममा नेपाल उद्योग परिसङ्घ (सीएनआई) का अध्यक्ष वीरेन्द्रराज पाण्डे, हुवावे डिजिटल पावर साउथ एसियाका निर्देशक यु जियानलोङ, हुवावे नेपालका प्रमुख कार्यकारी अधिकृत चेस्टर चेन तथा हुवावे नेपाल डिजिटल पावरका निर्देशक रोहितचन्द्र शाहलगायत ऊर्जा विकासकर्ता र नवीकरणीय ऊर्जा क्षेत्रका सरोकारवालाको सहभागिता थियो ।

# विशेष अदालतको 'स्मार्ट कोर्ट' बनाउने कार्यदिशा

काठमाडौँ, ६ साउन । विशेष अदालत काठमाडौँले आर्थिक वर्ष २०८२/८३ मा ५९.३८ प्रतिशत अर्थात् १५५ मुद्दा फछ्र्योट गरेको छ । त्यस अदालतमा २६१ मुद्दा रहेकामा अब १०६ वटा मुद्दा फछ्र्योट गर्न बाँकी छ ।

त्यस आर्थिक वर्षमा अदालतको ८३.७८ प्रतिशत मुद्दा फछ्र्योट गर्ने लक्ष्य राखेकामा गत भदौ २४ गतेको आन्दोलनबाट सिर्जित अवस्था र न्यायाधीशको सरुवाका कारण लक्ष्य प्राप्तिमा कठिनाइ भएको जनाएको छ ।

अदालतका अध्यक्ष सुदर्शनदेव भट्टले भन्नुभयो, "आन्दोलनमा भवन, सूचना प्रविधि शाखा, कम्प्युटरलगायतका सामग्री क्षतिग्रस्त भएकाले व्यवस्थापन गर्न केही समय खर्चनुपरेकाले लक्ष्यअनुरूप मुद्दा फछ्र्योटमा कठिनाइ भयो ।"

विशेष अदालतले यस वर्ष गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी पाँच थान, निर्णयगत अनियमितता १०४ थान, नक्कली प्रमाणपत्र १२ थान, घुस (रिसवत) ३२ थान, सम्पत्ति शुद्धीकरणसम्बन्धी एक थान मुद्दा फछ्र्योट गरेको छ ।

गैरकानुनी सम्पत्ति आर्जन, घुस/रिसवत, निर्णयगत अनियमितता, नक्कली प्रमाणपत्र र सम्पत्ति शुद्धीकरणलगायतका मुद्दाको कारबाही र किनारा लगाउने कार्य गर्दै आएको छ ।

मुलुकका ७७ वटै जिल्लाका विवाद हेर्नेसमेत क्षेत्राधिकार रहेको विशेष अदालतमा छ जना न्यायाधीश रहने कानुनी व्यवस्था छ ।

विशेष अदालतबाट २०८०/८१ मा ८८ प्रतिशत तथा आर्थिक वर्ष २०८१/८२ मा ६१.३२ प्रतिशत मुद्दा फछ्र्योट भएको थियो । ती आर्थिक वर्षमध्ये २०८०/८१ मा सबैभन्दा बढी ५७५ मुद्दा फछ्र्योट भएको तथ्याङ्क छ ।

विशेष अदालतले दुई वर्ष नाघेका मुद्दालाई शून्यमा झार्न सफल भएको छ । डेढ वर्षदेखि दुई वर्ष अवधिका दुई थान मुद्दा रहेको अध्यक्ष भट्टले जानकारी दिनुभयो । त्यस्तै, एक वर्षदेखि डेढ वर्षभित्र २५ थान, छ महिनादेखि एक वर्ष अवधिका ४१ थान, छ महिनाभित्रका ८७ थान मुद्दा रहेको छ । सो अदालतबाट भएको निर्णयअनुसार बेरुजु कैद एक हजार १८७ वर्ष आठ महिना २० दिन बाँकी रहेको छ ।

अदालतबाट मुद्दाको निर्णयअनुसार रु. एक करोड, ५६ लाख ७७ हजार ६५ बिगो असुल भएको, उठ्न बाँकी तथा असुल भएको नछुटिएको रु. २० अर्ब नौ करोड ६४ लाख ५० हजार छ । त्यस्तै, उठाउन बाँकी बिगो रु. चार अर्ब ९३ करोड ४८ लाख २७ हजार छ ।

मुद्दा अन्तिम नभई सर्वोच्च अदालतमा विचाराधीन रहेका मुद्दामा करिब रु. १५ करोड र यस आर्थिक वर्षसम्ममा सजाय कार्यान्वयनबाट राजस्व सङ्कलनमा रु. तीन करोड आठ लाख ९५ हजार प्रगति भएको जनाइएको छ ।

अदालतले भौतिक संरचनाको पुनर्निर्माण, मर्मतसम्भार, रङरोगन तथा सुरक्षा व्यवस्थालाई प्राथमिकतामा राखेको जनाएको छ । उक्त अदालतका न्यायाधीश हेमन्त रावलले जनताको आशाको समर्थनका आधारमा निर्भिकता र निष्पक्षताका साथ न्याय सम्पादनमा न्यायमूर्तिको साझा बुझाइ र अठोट आवश्यक रहेको बताउनुभयो ।

अदालतले स्मार्ट कोर्ट, सेवाग्राहीलाई न्यायमा पहुँचका कुनै पनि सुविधामा कमी नगर्ने प्रतिबद्धता, मुद्दामा कानुनको म्याद नाघ्न नदिने, सरोकारवालासँग निरन्तर अन्तर्क्रिया र कर्मचारी प्रशिक्षण, मुलुकभित्र मात्र नभई विश्वका कुनै पनि कुनाबाट मुद्दाको पक्ष र साक्षीले प्रतिनिधित्व गर्न पाउने सुविधा उपलब्ध गराउन पहल गर्ने आगामी कार्यदिशा तय गरेको छ । ***रासस***

# देशका विभिन्न जिल्लाबाट लागूऔषधसहित १९ जना पक्राउ

काठमाडौँ, ६ साउन । नियमित गस्तीमा रहेको प्रहरीले काठमाडौँसहित देशका विभिन्न भागबाट विभिन्न प्रकारका लागुऔषधसहित १९ जनालाई पक्राउ गरेको छ ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार काठमाडौँ महानगरपालिका-३१ प्रयागमार्गबाट खैरो हेरोइनसहित पाँच जना, चन्द्रागिरि नगरपालिका-२ नागढुङ्गाबाट चिकित्सकको सिफारिसमा मात्र खरिद गर्न पाइने नाइट्राजेपाम ६५७ ट्याब्लेटसहित दुई जना र पर्साको जगरनाथपुर गाउँपालिका-४ सुहपुरबाट २० किलो ६८७ ग्राम गाँजासहित भारतको विहार राज्यको सितागढी पञ्चायतताल डुम्रा-३३ का ३४ वर्षीय रहमद अन्सारीलाई पक्राउ गरिएको हो ।

यसैगरी, महोत्तरीको बर्दिबास नगरपालिका-३ गौरीडाँडाबाट खैरो हेरोइनसहित भारतको विहार राज्यको मधुवनी पञ्चायत मधवापुर-५ का २४ वर्षीय राजाकुमार मण्डल, बाराको कलैया उपमहानगरपालिका-१९ पचायनपुरमा सञ्चालन गरिएको घुम्ती पसलबाट गाँजासहित २० वर्षीय सनोज पटेल, हेटौँडा उपमहानगरपालिका-१५ बाट खैरो हिरोइन ३९ वर्षीय आइतमान थिङ, सोही उपमहानगरपालिका-३ लेवट चोकबाट खैरो हिरोइनसहित २२ वर्षीय रबि स्याङ्तान र २४ वर्षीय सुजन स्याङ्तानलाई पक्राउ गरिएको हो ।

त्यसैगरी, धनकुटाको शहिदभूमि गाउँपालिका-१ पाङ्नामबाट ट्रामाडोल ३० ट्याब्लेटसहित भोजपुर हतुवागढी गाउँपालिका-९ का २३ वर्षीय हिलसन राई, कैलालीको टीकापुर नगरपालिका-८ सत्ति पुलबाट खैरो हेरोइनसहित बर्दियाको राजापुर नगरपालिका-१ का २२ वर्षीय हिमाल चलाउने र २५ वर्षीय राजेन्द्र रावत, गौरीगङ्गा नगरपालिका-२ बाट खैरो हेरोइनसहित २८ वर्षीय कृष्ण साउद र २३ वर्षीय खेम साउद र रूपन्देहीको कञ्चन गाउँपालिका-४ बेलडाँडाबाट खैरो हेरोइनसहित सैनामैना नगरपालिका-१० सालझण्डीका ३१ वर्षीय सन्दीप पुनलाई पक्राउ गरिएको हो ।

अभियुक्तहरूलाई सम्बन्धित जिल्ला अदालतबाट म्याद लिएर अनुसन्धान जारी रहेको जनाइएको छ । उनीहरू गत सोमबार र मङ्गलबार पक्राउ परेका हुन् । ***रासस***

# सवारी चालक अनुमतिपत्रको छपाइ तथा वितरण प्रदेशबाटै हुने गरी तयारी गरिँदै

वाग्मती, ६ साउन । वाग्मती प्रदेश सरकारले यातयात सेवालाई प्रभावकारी बनाउने लक्ष्यका साथ विभिन्न कार्यक्रम अघि बढाएको छ ।

सरकारले आर्थिक वर्ष २०८३/८४ को बजेटमा यातायात सेवालाई व्यवस्थित एवं प्रभावकारी बनाउने लक्ष्यका साथ कार्यक्रम अघि बढाएको आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले जानकारी दिनुभयो ।

'प्रविधि र पारदर्शिता: सेवा प्रवाहको नयाँ परिभाषा' लाई आत्मसात् गर्दै यातायात कार्यालयबाट प्रदान गर्ने सेवाहरू क्रमश: अनलाइन माध्यमबाट प्रवाह गरिने उहाँले बताउनुभयो । त्यसका लागि आवश्यक पूर्वाधार विकास, पुराना कागजी फाइल तथा ढड्डाहरूको विद्युतीय अभिलेख सृजना, सवारी चालक अनुमतिपत्र र सवारी दर्ता प्रणालीमा सुधार तथा स्तरोन्नतिसहित केन्द्रीय प्रणाली, राष्ट्रिय परिचयपत्रसँग अन्तरआबद्धता कायम गर्न आवश्यक प्रबन्ध मिलाइएको उहाँको भनाइ छ ।

यातायात सम्बद्ध सेवामा सुशासन अभिवृद्धि गर्नका लागि न्यूनतम सम्पर्क विन्दु कायम गर्ने र फेसलेस सेवा प्रवाहको प्रारूप तयार पार्न सवारी चालक अनुमतिपत्रको लिखित परीक्षा अनलाइन गर्ने, प्रयोगात्मक परीक्षालाई स्वचालित बनाउने सरकारको योजना छ । लिखित र प्रयोगात्मक परीक्षाको व्यवस्थापनलाई पृथकीकरण गरी सम्भावित मिलोमतोलाई निस्तेज गर्ने, स्वचालित प्रविधिमा आधारित सवारी परीक्षण सेवा प्रारम्भ गर्न आवश्यक बजेट व्यवस्था गरिएको सरकारले जनाएको छ ।

प्रदेश सरकारले सङ्घीय सरकारसँगको समन्वयमा सवारी चालक अनुमतिपत्रको छपाई तथा वितरण प्रदेशबाटै हुनेगरी तयारी गरेको छ । सवारी दर्ता प्रमाणपत्रलाई क्युआर कोडयुक्त स्मार्ट कार्डमा रूपान्तरण गर्दै सवारी चालक अनुमतिपत्र र सवारी करसम्बन्धी राजस्व भुक्तानी विद्युतीय माध्यमबाट गर्ने व्यवस्था मिलाई सवारी चालक अनुमतिपत्र र सवारीको कर भुक्तानी तथा नवीकरणका लागि कार्यालय जानुपर्ने बाध्यताको अन्त्य गर्ने प्रबन्ध मिलाइएको मन्त्री तामाङले बताउनुभयो ।

सङ्घीय सरकारसँगको सहकार्यमा यातायात कार्यालयहरूबाट प्रवाह हुने सेवालाई नागरिक एपसँगको आबद्धतामार्फत पहुँचयोग्य, सरल र सेवाग्राहीमैत्री बनाइने उल्लेख गर्दै सरकारले बजेटमा सवारी चालक अनुमतिपत्र, ब्लुबुक र यान्त्रिक परीक्षणसम्बन्धी जानकारी नागरिकले मोबाइल एपबाट हेर्न सक्ने व्यवस्थाका लागि बजेट व्यवस्था गरिएको जनाएको छ ।

यातायात व्यवस्था कार्यालयहरूको कार्यस्थल सुधार र सेवाग्राहीमैत्री बनाउन डिजिटल डिस्प्ले, टोकन प्रणाली, शुद्ध पिउने पानी, व्यवस्थित प्रतीक्षालय, सफा शौचालय र आवश्यक फर्निचर आदिको व्यवस्थापनका लागि आवश्यक रकम विनियोजन गरिएको मन्त्री तामाङले बताउनुभयो ।

सार्वजनिक यातायातमा नियमित यान्त्रिक परीक्षण गर्ने र पुराना सवारीसाधनको पत्रु गर्ने कार्यलाई वैज्ञानिक र आधुनिक बनाउन निजी क्षेत्रको समेत सहकार्यमा स्वचालित प्रविधियुक्त सवारी परीक्षण केन्द्र स्थापना तथा सञ्चालन गर्ने सरकारले तयारी गरेको छ । ***रासस***

# एक खर्ब निक्षेप सङ्कलन गर्दै केन्द्रीय बैङ्क

काठमाडौँ, ६ साउन । नेपाल राष्ट्र बैङ्कले बजारमा रहेको अधिक तरलता व्यवस्थापन गर्ने उद्देश्यले बुधबार रु. एक खर्ब बराबरको निक्षेप सङ्कलन गर्ने भएको छ ।

राष्ट्र बैङ्कको मौद्रिक व्यवस्थापन विभागले बुधबार सूचना जारी गर्दै ८३ दिनका लागि निक्षेप सङ्कलन उपकरणमार्फत रु. एक खर्ब निक्षेप सङ्कलन गर्न बोलकबोल आह्वान गरेको हो । बोलकबोल बुधबार अपराह्न ३:०० बजेसम्म अनलाइन बिडिङ सिस्टम सफ्टवेयरमार्फत हुनेछ भने निक्षेप सङ्कलन उपकरणको निष्कासन पनि बुधबारै गरिनेछ ।

सूचनाअनुसार निक्षेप सङ्कलन उपकरणको ब्याजदर बोलकबोल प्रक्रियाबाट निर्धारण हुनेछ । साँवा तथा ब्याज २०८३ असोज २७ गते भुक्तानी गरिनेछ ।

बोलकबोलमा न्यूनतम रु. १० करोडदेखि कुल आह्वान गरिएको रकमसम्म आवेदन दिन सकिने व्यवस्था गरिएको छ । एउटै सहभागीले फरकफरक ब्याजदरमा एकभन्दा बढी बोल पनि पेश गर्न सक्नेछन् ।

नेपाल राष्ट्र बैङ्कबाट इजाजतपत्र प्राप्त 'क', 'ख' र 'ग' वर्गका बैङ्क तथा वित्तीय संस्था मात्र बोलकबोलमा सहभागी हुन पाउनेछन् । आवेदनमा निक्षेप गर्न चाहेको रकम र दशमलवपछि चार अङ्कसम्मको ब्याजदर उल्लेख गर्नुपर्नेछ ।

केन्द्रीय बैङ्कका अनुसार सबैभन्दा कम ब्याजदरलाई प्राथमिकता दिँदै आह्वान गरिएको रकमसम्म बोल स्वीकृत गरिनेछ । समान ब्याजदरमा माग बढी भए 'प्रो-राटा' आधारमा बाँडफाँट गरिने व्यवस्था छ । सम्पूर्ण वा आंशिक बोल स्वीकृत वा अस्वीकृत गर्ने अधिकार खुला बजार कारोबार सञ्चालन समितिमा रहने सूचनामा जनाइएको छ ।

बैङ्कले निक्षेप सङ्कलन उपकरणलाई लगानी पोर्टफोलियोका रूपमा गणना गरिने जनाएको छ । यसमा सङ्कलित रकम अनिवार्य नगद मौज्दात (सीआरआर) मा गणना गर्न नपाइने भए पनि वैधानिक तरलता अनुपात (एसएलआर) तथा तरलता अनुपातमा भने गणना गर्न सकिने व्यवस्था गरिएको छ । साथै, परिपक्व अवधि पूरा हुनुअघि पूर्वभुक्तानी (प्रि-म्याच्योर) सुविधा नहुने स्पष्ट गरिएको छ । ***रासस***

## सङ्क्षिप्त समाचार

## श्रमिकका उजुरी एक घण्टाभित्रै सम्बोधन गर्न निर्देशन

काठमाडौँ, ६ साउन । श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले श्रमिक तथा पीडितले दिएका उजुरी वा निवेदनलाई कार्यालय प्रमुख र सम्बन्धित कर्मचारीले प्राप्त भएको एक घण्टाभित्रै सम्बोधन गर्न निर्देशन जारी गरेको छ ।

विभागले आफ्ना मातहतका सबै श्रम तथा रोजगार कार्यालय र व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्रलाई मङ्गलबार परिपत्र जारी गर्दै यस्तो निर्देशन दिएको हो ।

विगतमा हेल्लो सरकार, मन्त्रालय वा विभागलगायत विभिन्न माध्यमबाट आएका वा सिधै कार्यालयमा दिइएका उजुरी समयमै सम्बोधन नभएको, कर्मचारीले उचित व्यवहार नगरेको र न्याय दिन ढिलाइ गरेको गुनासो आएपछि विभागले यस्तो परिपत्र जारी गरेको हो ।

श्रमिकका उजुरी वा निवेदन प्राप्त भएको एक घण्टाभित्रै सम्बोधन गरी सोको जानकारी सम्बन्धित व्यक्तिलाई दिनुपर्ने तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारीले आफ्नो जिम्मेवारी र आचरण पालना गर्नुपर्ने परिपत्रमा उल्लेख छ ।

कुनै विषय आफ्नो क्षेत्राधिकारभित्र नपर्ने भएमा सोको जानकारी तत्काल सेवाग्राहीलाई गराई सम्बन्धित निकायमा पठाउनुपर्ने तथा श्रमिकका उजुरीउपर प्रतिष्ठानबाट समयमै प्रतिक्रिया लिने व्यवस्था मिलाउन पनि भनिएको छ ।

श्रम कानुनअनुसार वार्ता गराउने र वार्ताबाट समाधान नभएमा कार्यालयले यथाशीघ्र निर्णय गर्नुपर्ने तथा श्रम अदालत र कार्यालयबाट भएका आदेश वा निर्णय समयमै कार्यान्वयन गर्नुपर्नेलगायत विषय विभागले जारी गरेको परिपत्रमा उल्लेख छ । हेल्लो सरकारबाट प्राप्त गुनासो सम्बोधन भएपछि सोको जानकारी यथाशीघ्र गराउनसमेत विभागले निर्देशन दिएको छ । *रासस*

## वैदेशिक रोजगारी : ठगीको अभियोगमा चार जना पक्राउ

काठमाडौँ, ६ साउन । वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभन देखाई विभिन्न देश पठाइदिने भन्दै रु. ३२ लाख ३८ हजार ठगेको अभियोगमा चार जना पक्राउ परेका छन् । केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार काठमाडौँ महानगरपालिका-१७ की ३२ वर्षीया पूजा शाही, सप्तरीको बोदेबरसाइन नगरपालिका-३ का २० वर्षीय दीपक साह, सर्लाहीको बसबरिया गाउँपालिका-३ का ४१ वर्षीय जयमङ्गलप्रसाद निसाद तथा रामेछापको मन्थली नगरपालिका-३ की ३७ वर्षीया मिना श्रेष्ठलाई ठगीको अभियोगमा मङ्गलबार पक्राउ गरिएको हो ।

प्रहरीका अनुसार पूजाले बेलायत पठाइदिने भन्दै एक जनाबाट रु. १७ लाख, दीपकले फ्रान्स पठाइदिने प्रलोभनमा एक जनाबाट रु. पाँच लाख, जयमङ्गलले ब्रुनाई पठाइदिने भनेर एक जनाबाट रु. चार लाख ३८ हजार तथा मीनाले संयुक्त अरब इमिरेट्स (युएई) पठाइदिने नाममा एक जनाबाट रु. छ लाख ठगेका थिए । *रासस*

## सवारी दुर्घटनामा पाँच जनाको मृत्यु

काठमाडौँ, ६ साउन । बितेका २४ घण्टामा स्याङ्जा, सप्तरी, मकवानपुर, रौतहट र बाँकेमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा पाँच जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार स्याङ्जाको वालिङ नगरपालिका-८ मिर्दीस्थित सडकमा ट्रेलरले मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक वालिङ नगरपालिका-६ आमडालीका ५५ वर्षीय विनोद अर्यालको मृत्यु भएको हो ।

सप्तरीको शम्भुनाथ नगरपालिका-८ बेरियाइमा ट्रकमा मोटरसाइकल ठोक्किँदा मोटरसाइकल चालक सुरुङ्गा नगरपालिका-१ चहकाका ५५ वर्षीय खडकबहादुर आले मगरको मृत्यु भएको छ । यसैगरी, हेटौँडा उपमहानगरपालिका-११ फमसिङटारमा ट्याक्टर दुर्घटना हुँदा त्यसका चालक सल्ल्यानको कपुरकोट गाउँपालिका-३ का २२ वर्षीय विक्रम खड्काको मृत्यु भएको छ । रौतहटको गुजरा नगरपालिका-९ सिमराभननिपुर चोकमो अटो र भारतमा दर्ता भएको मोटरसाइकल एकापसमा ठोक्किँदा २२ वर्षीय मोटरसाइकल चालक आमोद ठाकुरको मृत्यु भएको समाचारकक्षले जनाएको छ । त्यसैगरी, बाँकेको बैजनाथ गाउँपालिका-५ बाँसगढीबाट कोहलपुरतर्फ गइरहेको मोटरसाइकलको ठक्करबाट सोही स्थानकी ६९ वर्षीया रुपावती सुनारको मृत्यु भएको छ । *रासस*



**ढोरपाटन उपत्यकाको घाँसे मैदानमा चरिरहेका घोडा**
देशको एकमात्र सिकार आरक्ष रहेको बागलुङस्थित ढोरपाटन उपत्यकाको घाँसे मैदानमा चरिरहेका घोडा । ढोरपाटन घुम्न जाने पर्यटकलाई स्थानीय व्यवसायीले घोडा सवार गराउने गरेका छन् । *तस्बिर: राम थापा/रासस*

## सुदूरपश्चिम प्रदेश : अधिकांश मन्त्रालयको पुँजीगत खर्च कमजोर

सुदूरपश्चिम, ६ साउन । सुदूरपश्चिम प्रदेश सरकारले आर्थिक वर्ष २०८२/८३ मा विनियोजित बजेटको करिब ६२.२६ प्रतिशतमात्र खर्च गरेको छ । चालुतर्फको खर्च अपेक्षाकृत सन्तोषजनक रहे पनि विकास निर्माण तथा योजना कार्यान्वयनसँग प्रत्यक्ष जोडिएको पुँजीगत खर्च भने ६० प्रतिशतभन्दा तल सीमित भएको छ ।

प्रदेश लेखानियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेश सरकारले रु. ३३ अर्ब ४३ करोड २५ लाख ३३ हजार बजेटमध्ये रु. २० अर्ब ८१ करोड ५१ लाख ११ हजार ६२ खर्च गरेको छ । यो कुल बजेटको ६२.२६ प्रतिशत हो । यसमा चालुतर्फ रु. १३ अर्ब ५९ करोड २८ लाख ४७ हजार ४०० विनियोजन गरिएकामा रु. नौ अर्ब २४ करोड ८६ लाख ३८ हजार ९३७ अर्थात् ६८.०४ प्रतिशत खर्च भएको छ । यस्तै, पुँजीगततर्फ रु. १९ अर्ब ८२ करोड ९६ लाख ८६ हजार विनियोजन गरिएकामा रु. ११ अर्ब ५६ करोड ६४ लाख ७२ हजार १२४ अर्थात् ५८.३३ प्रतिशत खर्च भएको छ ।

मन्त्रालयगत आधारमा सामाजिक विकास मन्त्रालयले चालुतर्फ ७६.३५ र पुँजीगततर्फ ६३.६१ प्रतिशत गरी समग्रमा ७१.५३ प्रतिशत खर्च गरेको छ । मन्त्रालयका लागि चालुतर्फ रु. चार अर्ब ११ करोड ६० लाख ५४ हजार ४०० र पुँजीगततर्फ रु. दुई अर्ब ५० करोड ७२ लाख ९४ हजार ११७ विनियोजन गरिएको थियो ।

त्यसपछि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले चालुतर्फ ६८.८९ प्रतिशत र पुँजीगततर्फ ७३.६७ प्रतिशत खर्चसहित ७१.४६ प्रतिशत खर्च भएको छ । यस मन्त्रालयका लागि चालुतर्फ रु. एक अर्ब दुई करोड ५६ लाख ५६ हजार ३७५ र पुँजीगततर्फ रु. एक अर्ब १९ करोड ५३ लाख १४ हजार ९८६ विनियोजन गरिएको थियो ।

यस्तै, भौतिक पूर्वाधार विकास मन्त्रालयले चालुतर्फ ६५.१० र पुँजीगततर्फ ५९.८४ गरी ६०.०५ प्रतिशत खर्च गरेको छ । यस मन्त्रालयका लागि चालुतर्फ रु. छ अर्ब २० लाख छ हजार ४७० र पुँजीगततर्फ रु. एक अर्ब ४६ करोड ८४ लाख २३ हजार विनियोजन गरिएको थियो । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले चालुतर्फ ५९.५० र पुँजीगततर्फ ५१.७६ गरी ५८.६८ प्रतिशत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को चालु ५१.५४ र पुँजीगत ५२.९८ गरी ५१.८० प्रतिशत रकम खर्च भएको छ । यस्तै, आर्थिक मामिला मन्त्रालयको चालु ५३.९८ र पुँजीगत ३८.३१ गरी ५२.०५ र आन्तरिक मामिला तथा कानुन मन्त्रालयको चालु २९.४३ र पुँजीगत ३१.७२ गरी कुल ३०.७६ प्रतिशत खर्च भएको छ ।

सबैभन्दा कम खर्च गर्ने कानुन मन्त्रालयका लागि चालुतर्फ रु. एक अर्ब ४३ करोड २४ लाख सात हजार ८०० र पुँजीगततर्फ रु. एक अर्ब ९७ करोड ४४ लाख तीन हजार विनियोजन गरिएको थियो । प्रदेशका निकायगत विवरणअनुसार सबैभन्दा बढी प्रदेश व्यवस्थापिकाका लागि कुल रु. १९ करोड १५ लाख ७६ हजार १८७ बजेट विनियोजन गरिएकामा चालुतर्फ ७५.३९ र पुँजीगत ५६.१८ गरी ७३.१८ प्रतिशत खर्च भएको छ । यस्तै, प्रदेश लोकसेवा आयोगका लागि रु. ११ करोड ९५ लाख ५० हजार बजेट विनियोजन गरिएकामा चालुतर्फ ५६.४३ र पुँजीगत ९९.७७ प्रतिशत खर्च भएको छ भने प्रदेश नीति तथा योजना आयोगका लागि रु. पाँच करोड ९४ लाख ४३ हजार विनियोजन गरिएकामा चालुतर्फ ४९.६६ र पुँजीगत ७८.१२ प्रतिशत खर्च भएको छ ।

प्रदेशले स्थानीय तहका लागि विनियोजन गरेको रु. तीन अर्ब ६३ करोड ९५ लाख ५० हजारमध्ये रु. दुई अर्ब ७४ करोड ९५ लाख १२ हजार ३५७ अर्थात् ७५.५५ प्रतिशत खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालयको तथ्याङ्क छ ।

लेखा नियन्त्रक वासुदेव जोशीले पूर्वाधार विकास, निर्माणाधीन आयोजना र विकास कार्यक्रमको कार्यान्वयन अपेक्षित गतिमा हुन नसकेकाले प्रदेश सरकारको समग्र पुँजीगत खर्च ६० प्रतिशतभन्दा तल सीमित हुन पुगेको बताउनुभयो । हरेक वर्षजस्तै चालु खर्च हुने र पुँजीगत खर्च कमजोर रहने प्रवृत्ति यस वर्ष पनि दोहोरिएको उहाँले बताउनुभयो ।

लेखानियन्त्रक जोशीले भन्नुभयो "विगतका वर्षहरूका आधारमा समेत हाम्रो समग्र खर्च क्षमता औसतमा ६० देखि ७० र पुँजीगततर्फ ६० प्रतिशतमुनि नै हो । गत वर्ष भने समग्रमा ६९ प्रतिशत र पुँजीगततर्फ करिब ६७ प्रतिशत भयो, तर यस वर्ष जेनजी आन्दोलन, कर्मचारीको अभावलगायत कारणले केही समस्या भएको देखिन्छ ।"

अब तयारी पुगेका योजनामा बजेट विनियोजन, समयमै कार्यान्वयन, खरिद तथा ठेक्का व्यवस्थापन प्रक्रिया सुधार्ने र आयोजना व्यवस्थापनलाई प्रभावकारी बनाउन सके प्रदेशको पुँजीगत खर्चमा उल्लेख्य सुधार ल्याउन सकिने उहाँको विश्वास छ । *रासस*

## मधेस प्रदेश सरकारद्वारा सिरहा र सप्तरीका एक हजार २०१ परिवारलाई आवास निर्माण

जनकपुरधाम, ६ साउन । केही वर्षअघिसम्म वर्षात् लाग्नेबित्तिकै फुसको छानो चुहिने, हुरीबतास चल्दा रातभर निद्रा हराउने र आगलागीको त्रासमा दिन बिताउने सिरहा र सप्तरीका एक हजार २०१ विपन्न परिवारका लागि अहिले जीवन नै फेरिएको छ ।

फुसको अस्थायी टहराबाट पक्की घरमा सरेसँगै ती विपन्न परिवारहरूको दैनिक जीवन सुरक्षित, सम्मानित र आशावादी बनेको छ । मधेस प्रदेश सरकारले सञ्चालन गरेको जनता आवास, महेन्द्रनारायण निधि विपन्न आवास र विपन्नसँग मदन भण्डारी विपन्न आवास कार्यक्रमअन्तर्गत सिरहा र सप्तरीका गरी एक हजार २०१ परिवारले पक्की घर प्राप्त गरेका छन् । दलित, विपन्न र सीमान्तकृत समुदायको जीवनस्तर उकास्ने सामाजिक अभियानका रूपमा स्थापित हुँदै गएको छ ।

ती जिल्लाका अधिकांश दलित तथा विपन्न परिवार वर्षौंदेखि फुसको छानो भएको झुपडीमा बस्दै आएका थिए । सिरहाको सिरहा नगरपालिका-९ निवासी रशमादेवी राम भन्नुहुन्छ, "वर्षा लागेपछि घरभित्रै पानी चुहिन्थ्यो, गर्मीमा अत्यधिक ताप सहनुपर्थ्यो, आगलागीको जोखिम त झन् सधैँको चिन्ता थियो । तब पक्की घर पाएपछि अहिले सबै चिन्ताबाट मुक्त भएको अनुभूति भइरहेको छ ।" यो जुनीमा पक्की घरमा सुत्न पाउँछु भन्ने सपना पनि देख्न सकेका थिइनँ, तर पाएकाले असाध्यै खुसी छु, उहाँको भनाइ छ ।

सरकारको आवास कार्यक्रमअन्तर्गत पक्की घर पाएपछि लाभग्राही परिवारको जीवनमा उल्लेखनीय परिवर्तन आएको छ । पूर्वाधार विकास कार्यालय सिरहाका सबइन्जिनियर जीवछकुमार यादवका अनुसार आर्थिक वर्ष २०७८/७९ देखि २०८२/८३ सम्म सिरहामा तीनवटा आवास कार्यक्रममार्फत ६१२ परिवार लाभान्वित भएका छन् ।

यसमध्ये जनता आवास कार्यक्रमबाट ५१२, महेन्द्रनारायण निधि विपन्न आवास कार्यक्रमबाट ६९ तथा विपन्नसँग मदन भण्डारी विपन्न आवास कार्यक्रमबाट ३१ परिवारले पक्की घर पाएका छन् । सिरहाको औरही गाउँपालिकामा मात्रै जनता आवास कार्यक्रमअन्तर्गत ४४७ वटा घर निर्माण गरी हस्तान्तरण गरिएको छ । यसले औरही क्षेत्रका विपन्न समुदायको आवासीय अवस्थामा ठुलो सुधार ल्याएको स्थानीयको भनाइ छ ।

यस्तै सप्तरीमा पनि आवास कार्यक्रम प्रभावकारी रूपमा अघि बढेको छ । पूर्वाधार विकास कार्यालय सप्तरीका सबइन्जिनियर रामाकर झाका अनुसार जनता आवास कार्यक्रमबाट ५१५, महेन्द्रनारायण निधि विपन्न आवास कार्यक्रमबाट ५६ तथा विपन्नसँग मदन भण्डारी विपन्न आवास कार्यक्रमबाट १८ गरी ५८९ परिवारले नयाँ घर पाएका छन् ।

नयाँ घर पाएसँगै धेरै परिवारले असुरक्षित झुपडी छाडेर सम्मानजनक जीवन सुरु गरेको झाको भनाइ छ । यद्यपि, कार्यक्रम पूर्ण रूपमा सम्पन्न भने भइसकेको छैन । सिरहामा जनता आवास कार्यक्रमअन्तर्गत करिब ४० र महेन्द्रनारायण निधि कार्यक्रमअन्तर्गत २७ घर निर्माणाधीन छन् ।

सप्तरीमा जनता आवास कार्यक्रमअन्तर्गत ७९१ घर निर्माणको सम्झौता भए पनि हालसम्म ५१५ वटामात्रै सम्पन्न भएका छन् । दुई सय ८८ वटा निर्माणाधीन छन् भने ८८ वटा घरको निर्माण अझै सुरु हुन नसकेको प्राविधिक झा बताउनुहुन्छ ।

उहाँका अनुसार महेन्द्रनारायण निधि कार्यक्रमअन्तर्गत सम्झौता भएका ९२ घरमध्ये ५६ सम्पन्न, ३४ निर्माणाधीन र पाँचवटाको काम सुरु हुन बाँकी छ । आवास केवल एउटा भवन होइन, यो परिवारको सुरक्षा, स्वास्थ्य, शिक्षा र सम्मानसँग जोडिएको आधारभूत आवश्यकता हो ।

पूर्वाधार कार्यालय राजविराज सप्तरीका प्रमुख कृष्णदेव झाले सुरक्षित घर भएपछि बालबालिकाको विद्यालय जाने वातावरण सुधारिएको बताउनुहुन्छ । उहाँका अनुसार महिलाहरूले घरभित्र सुरक्षित रूपमा दैनिक काम गर्न पाएका छन् भने वृद्धवृद्धा र अशक्त व्यक्तिका लागि पनि पक्की घरले सहज जीवन प्रदान गरेको छ ।

आवास कार्यक्रमले गरिबी न्यूनीकरण, सामाजिक समावेशीकरण र मानव विकास सूचकाङ्क सुधारमा समेत सकारात्मक प्रभाव पारेको प्रमुख झा बताउनुहुन्छ । प्रमुख झाका अनुसार जग्गा व्यवस्थापनमा कठिनाइ, बजेट अभाव तथा केही प्रशासनिक प्रक्रियाका कारण आवास कार्यक्रम निर्माणकार्य अपेक्षित गतिमा अघि बढ्न सकेको छैन ।

बर्सेनि निर्माण सामग्रीहरूको बजारभाउ अत्यधिक बढे पनि आवास कार्यक्रमहरूको बजेट बढ्न नसक्दा कार्यक्रम सञ्चालन गर्न चुनौती भइरहेको उहाँको भनाइ छ । *रासस*

। सम्पादकीय ।

# शिक्षा र स्वास्थ्य करमा मन्त्रीहरू नै ढुलमुल

नेपालको संविधानमा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क हुने व्यवस्था गरिएको छ । सो संवैधानिक व्यवस्थाअनुसार कक्षा १२ सम्म नि:शुल्क हुनुपर्छ । आधारभूत तहसम्म अनिवार्य शिक्षाको बन्दोबस्त छ । संवैधानिक यो व्यवस्थालाई विगतको सरकारले मात्र होइन यो नयाँ सरकारले पनि कार्यान्वयनमा ल्याउन सकेको छैन । संवैधानिक व्यवस्थाअनुसार नि:शुल्क शिक्षा गर्नुपर्नेमा वर्तमान सरकारले शिक्षा र स्वास्थ्यमा ३ प्रतिशत समता कर लिने निर्णय गऱ्यो । त्यो निर्णयअनुसार साउन १ गतेदेखि सम्बन्धित निकायले कर उठाउने काम पनि गऱ्यो । शिक्षा र स्वास्थ्यमा कुनै हालतमा  समता कर उठाउन नहुने विषयमा निजी विद्यालयका सङ्घ-संस्था, शिक्षक, अभिभावक, शिक्षाप्रेमी र नागरिक समाजले विरोध गरे । सरोकारवाला निकाय र सङ्घ-संस्थाका पदाधिकारीहरूले समता कर कुनै पनि हालतमा नतिर्ने चेतावनी दिए र सो निर्णय खारेज गर्न सरकारको ध्यानाकर्षण गरे । जनता र सम्बन्धित पक्षको दबाबका कारण प्रधानमन्त्री बालेन्द्र साहले शिक्षा र स्वास्थ्यमा समता कर हटाउने फेसबुकमार्फत घोषणा गरे ।

समता कर हटाउने सरकारको विचार हो भने सोको निर्णय मन्त्रिपरिषद्ले गर्नुपर्थ्यो । मन्त्रिपरिषद्ले गर्नुपर्ने निर्णय प्रम बालेन खारेज गर्न अघि सरे । यसको अर्थ रास्वपाका मन्त्रीहरूमा शिक्षा र स्वास्थ्य कर हटाउने या नहटाउने विषयमा फरक मत रहेको थाहा हुन्छ । त्यसबारे बजेट सार्वजनिक गर्नुभन्दा अघि नै छलफल गर्नुपर्थ्यो । यसले बजेटबारे पनि मन्त्रीरूबिच छलफल नभएको ज्ञात हुन्छ । बजेट लागू भएको हप्ता दिन नहुँदै शिक्षा र स्वास्थ्यमा लगाइएको समता कर हटाउने उद्घोषले रास्वपाका नेता र मन्त्रीहरू दूरदर्शी नभएको स्पष्ट हुन्छ । सरकारले गरेको निर्णय फिर्ता लिएको यो पहिलो होइन । यसअघि सरकारले निजी सञ्चार क्षेत्रमा निषेध गरिएको सरकार र सरकारी निकायको विज्ञापन पनि फिर्ता लिएको थियो । यसले 'जान्नेलाई छानेर' बनेका रास्वपाका नेता र मन्त्रीहरूमा स्पष्ट दृष्टिकोण नभएको पुस्टि गर्छ ।

अर्थमन्त्रीले शिक्षा र स्वास्थ्यमा लगाएको समता कर प्रधानमन्त्रीले हटाउने उद्घोष गरेपछि अर्थमन्त्रीको इज्जत या आस्थामा धक्का पुग्नु स्वाभाविक हो । विधिसम्मत ढङ्गले अघि बढ्नुपर्ने प्रम साह त्यो प्रक्रियामा अघि बढेनन् । मन्त्रिपरिषद्ले गर्नुपर्ने निर्णय पद्धतिविरूद्ध प्रम आफै अघि सर्न किन बाध्य भए ? प्रम बालेनले कर हट्ने उद्घोष गरे पनि मन्त्रिपरिषद्ले निर्णय नगरून्जेल उक्त कर लिनुपर्ने हुन्छ । सरकारको निर्णयअनुसार अस्पतालले कर लिइसकेको छ । लिइसकेको कर फिर्ता दिने हो कि होइन ? त्यसलाई कसरी मिलाइने हो ? अस्पतालहरूमा समस्या देखिएको छ । प्रतिनिधिसभाबाट बजेट पारित भइसकेको समता कर हटाउने निर्णय कार्यान्वयन गर्न सरकारले आर्थिक विधेयकमा पनि परिमार्जन गर्नुपर्छ । प्रम बालेन कानुनी प्रक्रियामा किन गएनन् भन्ने प्रश्न तेर्सिएको छ । सरकारले मन्त्रिपरिषद् हुँदै संसद्का दुवै सदन (प्रतिनिधिसभा र राष्ट्रियसभा) बाट पारित गराएर लागू गरेको कर फिर्ताका लागि पनि सोही विधि अपनाउनुपर्ने कानुनी व्यवस्था हुन्छ । प्रम बालेनले शिक्षा र स्वास्थ्यमा कर हटाएपछि अर्थमन्त्रीले नैतिकताको आधारमा राजीनामा दिनुपर्ने टिप्पणी विश्लेषकहरूले गर्न थालेका छन् ।

मन्त्रिपरिषद्को बैठकले शिक्षा र स्वास्थ्यमा लगाइएको समता कर त खारेज गऱ्यो तर  विद्युत्मा लगाइएको कर पनि खारेज गरेको छैन । सरकारले मासिक ५० युनिटमाथि विद्युत् उपभोग गर्दा ५ प्रतिशत भ्याट लगाएको थियो । इन्धनमा परनिर्भरता हटाउन र वार्षिक करिब तीन खर्ब बाहिरिनबाट रोक्न देशभित्रै विद्युत् उत्पादन बढाउनुपर्ने र आम उपभोक्तालाई सवारी साधनदेखि भान्सासम्म विद्युत् प्रयोगमा आकर्षित गर्नुपर्ने विज्ञहरूको अभिमत छ । प्रमले जुनसुकै कर खारेज गरे पनि मन्त्रिपरिषद्ले निर्णय गरेर राजपत्रमा प्रकाशन र संसद्लाई जानकारी गराउने प्रक्रिया पनि पूरा गर्नुपर्ने हुन्छ । यसबारे सरकार गम्भीर हुनुपर्छ ।

पाठक पत्र

# मेयरज्यूलाई चिठी

श्रीमान् मेयरज्यू,
भक्तपुर नगरपालिका, व्यासी, भक्तपुर


वर्षायाम सुरु भइसकेको छ । दिनहुँजसो पानी परिरहेको छ । सानो झरीले पनि काठमाडौंका विभिन्न ठाउँमा जलमग्न भइरहेको तस्बिरहरूले पत्रपत्रिका भरिएको छ । राजमार्गहरू बाढी-पहिरोका कारण सडक अवरुद्ध हुँदै छ । भक्तपुरमा पनि हनुमन्ते र कासन खोलाले क्षति पुऱ्याएको छ । दिनहुँजसो परिरहेको झरिका कारण कासनखुसीमा चार ठाउँमा खोलाको ढुङ्गाको टेवा पर्खाल भत्किएको छ भने अरु पनि केही टेवा पर्खाल भत्किने क्रममा छ । खोलाको माटो र रुख कटान तथा टेवा पर्खाल निर्माणसँगसँगै बनाउनुपर्ने सडकपेटी निर्माण कार्य अधुरै छोड्दाको परिणाम नै टेवा पर्खालको क्षति हो । अब बन्ने टेवा पर्खाल नगरपालिकाको प्राविधिक वा इन्जिनियरिङ कलेजका प्राविधिकहरूको सल्लाहमा मात्र बनाउँदा राम्रो हुने देखिन्छ ।



त्यस्तै कासन खोला करिडोरमा रहेको मेनहोल कभर ५ वटा जति हराइरहेको छ । वर्षायाममा राति गाडी, मोटरसाइकलहरू दुर्घटनामा पर्ने धेरै सम्भावना रहेको हुँदा दुर्घटना हुनुपूर्व नै सो मेनहोल कभर तुरुन्तै व्यवस्था गर्नुपर्ने देखिन्छ । अन्यथा दुर्घटनामा परी जनधनको क्षति भएमा जिम्मेवार को हुने ? चर्चाको विषय बनेको छ ।

*एक शुभचिन्तक*

# भारतको कक्रोच राजनीति कुनै मजाक होइन !



उदय चन्द्र

*(भारतीय लोकतन्त्र सङ्घर्षरत रहेको बेला कक्रोच जनता पार्टी राजनीतिक दृश्यमा प्रवेश गरेको छ ।)*

भारतमा कक्रोच जनता पार्टी (कजपा) भाइरल भएको दुई महिनापछि यसका अनुयायीहरू खतरनाक क्षेत्रमा प्रवेश गरेका छन् । प्रहरीले शिक्षक-अभियन्ता सोनम वाङचुकलाई दिल्लीको जन्तरमन्तर वेधशालामा कजपाको धर्नाबाट शनिबार जबरजस्ती हटाइएको छ । अनिश्चितकालीन अनसनको २१ औं दिनमा रहेका उनलाई इच्छाविपरीत अस्पताल लगिएको छ ।

कजपाका संस्थापक अभिजीत दिप्केले आमरण अनसन सुरु गर्दा प्रदर्शनकारीहरूले उक्त स्थानमा भेला भएका थिए । प्रदर्शनकारीहरूले सोमबार विश्वविद्यालय प्रवेश परीक्षा चुहावटको कारणले देशव्यापी आक्रोश र भारतको प्रतिस्पर्धात्मक परीक्षा प्रणालीमा जवाफदेहिताको व्यापक असफलतालाई लिएर केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामाको माग गर्न भारतीय संसद्तर्फ मार्च गर्ने योजना बनाएका छन् । प्रधानमन्त्री नरेन्द्र मोदीको राजीनामाको माग पनि उठेको छ ।

मे महिनाको मध्यमा टाढा राख्नुपर्ने भनिनु हो । यो घृणित छ, मार्न गाऱ्हो छ र सभ्य समाजको दरारमा बस्छ । यो विष, अन्धकार र घृणाबाट बच्छ । साङ्ला (कक्रोच) त्यो बेला देखापर्छ जब घरधनीले दाबी गरेजस्तो घर सफा हुँदैन ।

यो अपमानले धेरै युवा भारतीयहरूका लागि, विशेष गरी बेरोजगार, परीक्षा-पत्र चुहावट र बढ्दो महँगीको सामना गरिरहेकाहरूका लागि उनीहरूले पहिले नै महसुस गरेको कुरालाई समेटेको छ । कजपाले अपमानलाई दृश्यमानतामा परिणत गऱ्यो । यदि सत्ताशक्तिले हामीलाई यसरी हेर्छ भने उनीहरूले भने, हामी पनि यही नाममै बोलौं । अपमान गर्वका साथ लगाइने ब्याज बन्यो । यो क्रान्तिकारी राजनीति होइन । यसमा त्रासदी-हास्य मिसिएको छ र हास्यास्पद पनि छ; किनकि कक्रोचले त्यस्तो भारतको प्रतिनिधित्व गर्छ जहाँ उक्लिँदो गतिशीलताका विशाल सपनाहरूलाई निरर्थक बनाइएको छ ।

'कक्रोच राजनीति' त्यतिबेला उदायो जब मोदीको भारतीय जनता पार्टी (भाजपा) विशाल स्रोतसाधन, वैचारिक अनुशासन र कल्याणकारी कार्यक्रम, हिन्दू राष्ट्रवाद तथा विपक्षी विखण्डनलाई व्यक्त गर्ने परम्परागत लोकतान्त्रिक माध्यमहरू - दल, चुनाव, मिडिया र स्वतन्त्र संस्थाहरू - बढ्दो रूपमा विकृति हुने जोखिममा देखिन्छन् ।

त्यसपछि अर्थतन्त्रको अवस्था हेरौं ।

भारतीय अर्थतन्त्रलाई मन्दीमा पुऱ्याएको कोभिड-१९ महामारीपछि ८० करोडभन्दा बढी भारतीयहरू सरकारबाट प्राप्त हुने खाद्यान्न वितरणमा निर्भर छन् । गरिब बहुसङ्ख्यकका लागि खाद्य सहयोगले भोकसँग लड्न मद्दत गर्छ, घरपरिवारलाई चलायमान राख्छ र राज्यलाई दैनिक जीवनमा देखिने बनाउँछ ।

तथापि, आधारभूत राहत कार्यक्रमले समाजमा साझा सहमति बनेको जनाउँदैन । यसले केवल महामारीको समयमा उजागर भएको संरचनात्मक समस्याहरूलाई सम्बोधन हुन नसकेको तथ्यलाई उजागर गर्छ ।

अर्कोतर्फ सम्पत्ति तीव्र रूपमा केन्द्रित भएको छ । अहिले सबैभन्दा धनी १ प्रतिशतले भारतमा विगत एक शताब्दीमा नदेखिएको आम्दानी र सम्पत्तिको हिस्सा प्राप्त गर्छन् । यो कुनै दुर्घटना होइन । यसले वर्तमानको राजनीतिक अर्थतन्त्रलाई परिभाषितले

जब परीक्षाको प्रश्नपत्र चुहावट हुन्छ, त्यो विश्वासघात घनिष्ठ हुन्छ । राज्यले परीक्षा सञ्चालन गर्न असफल मात्र भएको छैन, लाखौं परिवारको बलिदानको पनि खिल्ली उडाएको छ ।

यसैकारण, कक्रोचको प्रतीकले धेरै वजन बोकेको छ । यसले आकाङ्क्षा र अवहेलनाबिच फसेकाहरूको आवाज बोल्छ : रोजगारीविहीन स्नातक, कर र कमजोर मागबिच च्यापिएका साना उद्यमी, सधैँ अनलाइन रहने तर कहिल्यै सुरक्षित नहुने ज्यालादारी कामदार र त्यो विद्यार्थी जसलाई थाहा छ कि चुहिएको परीक्षाको पत्रले वर्षौंको तयारी खेर फाल्न सक्छ ।

मोदी युगले सामाजिक मेलमिलापबिना चुनावी रूपान्तरणमा महारत हासिल गरेको छ । यसले लाखौं भारतीय युवालाई सताउने प्रश्नको जवाफ दिएको छैन : वंशानुगत विशेषाधिकार, ठुला पुँजी वा वैश्विक बहिर्गमन बाहिरका मानिसहरूको भविष्य के बाँकी छ ? कजपाले पनि त्यो प्रश्नको उत्तर दिन सक्दैन । यो धेरै नाजुक, धेरै खुला र धेरै कमजोर छ; उही शक्तिहरूको अगाडि जसको ऊ व्यङ्ग्य गर्छ । यसको असङ्गति नै यसको सत्य हो । यसले नयाँ पार्टीको आगमनभन्दा बढी पुराना राजनीतिक भाषाहरूको थकानलाई सङ्केत गर्छ ।




*जुलाई १८, २०२६ मा नयाँ दिल्लीमा अनिश्चितकालीन भोक हडतालको क्रममा कक्रोच जनता पार्टीका प्रमुख अभिजीत दिपके ब्यानर उठाउँदै । (अनुश्री फड्णवीस/रोयटर्स)*

प्रधानन्यायाधीश सूर्यकान्तले बेरोजगार युवाहरूलाई 'कक्रोच' भनेको टिप्पणीपछि देशभर आक्रोश फैलाएको थियो । त्यसबेलादेखि यो 'पार्टी' ले भारतका युवाहरूमाझ विशाल अनलाइन फलोअर्स बनायो र ठुलो विरोध प्रदर्शन गऱ्यो ।

शनिबारको उग्रताअघि, राज्यको प्रतिक्रिया न त खुला सहनशीलता थियो न त पूर्ण दमन । बरु, यो नियन्त्रित सीमितता थियो : साना दायराभित्र विरोध प्रदर्शनलाई अनुमति दिने, उनीहरूको फैलावटलाई कडाइका साथ निगरानी गर्ने र गठबन्धन आफै टुक्रिने प्रतीक्षा गर्ने । अहिले देखिँदै छ कि कजपाले सत्तामा रहेकाहरूलाई निरूत्साहित बनाएको छ ।

यस्तो देखिन्छ कि कजपालाई भारतको भीडभाडयुक्त र अस्थिर राजनीतिमा अर्को भाइरल आँधीको रूपमा मात्र व्यवहार गर्न सम्भव छैन; न त सामाजिक सञ्जालमा जन्मिएको व्यङ्ग्यात्मक युवा सङ्गठनको रूपमा अथवा सडकमा छोटो समयको लागि देखिने र देखापर्ने बित्तिकै चाँडै हराउने नियत भएको समूहजस्तै ।

कक्रोच भनिनु भनेको फोहोरी, मन-लागी प्रयोग गर्न सकिने र दृष्टिबाट मतमा रूपान्तरण गर्ने क्षमतासहित एक शक्तिशाली चुनावी संयन्त्र चलाइरहेको छ ।

तैपनि, विरोधाभासपूर्ण रूपमा, भाजपाको आफ्नै जनादेश धेरै ठुलो अल्पसङ्ख्यकको रूपमा सीमित छ । २०२४ को आम चुनावमा, पार्टीले राष्ट्रिय रूपमा एकतिहाइभन्दा अलि बढी मात्र समर्थन जित्यो । अर्को तरिकाले भन्दा, मतदान गर्ने दुईतिहाइ मानिसले मोदीको नेतृत्वमा भाजपाको पुन: चुनावी अभियानलाई समर्थन गरेनन् ।

शासनको शक्ति तथ्यगत बहुमतमा होइन, जोडतोडको संयोजनमा टिकेको छ - क्षेत्रीय र जातीय गठबन्धन, विपक्षी दलहरूको विचलन र विभाजन अनि दुई राष्ट्रिय दलबिच रहेको भारतको तेस्रो राजनीतिक क्षेत्र क्रमश: सङ्कुचित हुँदै जानु ।

कजपा त्यतिबेला देखापऱ्यो जब चुनावी राजनीति माथि सतहबाट स्थिर देखिन्छ तर गहिराइमा अविश्वसनीय देखिन्छ । युवाहरू रोजगारीको अभाव र परीक्षामा भएको अनियमितताबाट क्रोधित छन् । उनीहरू राजनीतिमा त्यतिबेला प्रवेश गरिरहेका छन् जब जनआक्रोश गर्दछ : कल्याणकारी राहत लिने तल्लोवर्ग, एकाधिकार भएको माथिल्लोवर्ग र कडा रूपमा दबिएको मध्यमवर्ग; बेरोजगारी वृद्धि र अवरुद्ध आकाङ्क्षाहरूको भावनाले ग्रस्त ।

भारतले विद्यालय शिक्षा र उच्च शिक्षा विस्तार त गऱ्यो, तर जसलाई उसले आकाङ्क्षी बनायो, तिनैका लागि मर्यादित र स्थिर रोजगारी पर्याप्त रूपमा सिर्जना गर्न सकेन । शिक्षित युवाहरू विशेष गरी यस विरोधाभासको मारमा छन् । उनीहरूलाई प्रमाणपत्रले उक्लिने बाटो खोल्छ भन्ने विश्वाससहित हुर्काइएको, तर अर्थतन्त्रले उनीहरूलाई सान्त्वनाका सानातिना टुक्रा मात्र दिन्छ ।

यही कारणले परीक्षा-पत्र चुहावट, भर्ती प्रक्रियामा ढिलाइ र परीक्षा रद्दजस्ता घटनाले यति तीव्र आक्रोश पैदा गर्छन् । परीक्षा केवल परीक्षा होइन । मध्यमवर्गीय परिवारका लागि यो सामाजिक उक्लाइको दाउ हो । अभिभावकहरूले बचत गर्छन्, ऋण लिन्छन्, जमिन बेच्छन्, र अत्यधिक महँगो कोचिङ शुल्क तिर्छन् - यस आशामा कि छोराछोरीले कुनै सम्मानजनक तलबदार काम पाउन सक्छन् ।

कक्रोच त्यो नागरिक हो जो बाँचेकोमा सम्मान नपाई बाँचिरहन्छ ।

मोदी युगले सामाजिक मेलमिलापबिना चुनावी रूपान्तरणमा महारत हासिल गरेको छ । यसले लाखौं भारतीय युवालाई सताउने प्रश्नको जवाफ दिएको छैन : वंशानुगत विशेषाधिकार, ठुला पुँजी वा वैश्विक बहिर्गमन बाहिरका मानिसहरूको भविष्य के बाँकी छ ?

कजपाले पनि त्यो प्रश्नको उत्तर दिन सक्दैन । यो धेरै नाजुक, धेरै खुला र धेरै कमजोर छ; उही शक्तिहरूको अगाडि जसको ऊ व्यङ्ग्य गर्छ । यसको असङ्गति नै यसको सत्य हो । यसले नयाँ पार्टीको आगमनभन्दा बढी पुराना राजनीतिक भाषाहरूको थकानलाई सङ्केत गर्छ ।


यही हो कक्रोच राजनीतिको गहिरो अर्थ । लोकतान्त्रिक भावना जीवित रहन्छ तर घट्दो रूपमा । यो व्यङ्ग्यमार्फत बोल्छ किनभने सामान्य बोली अवरुद्ध भएको महसुस गर्छ । किबोर्ड योद्धाहरूलाई निराश पार्ने कक्रोच कुनै क्रान्तिकारी नायक होइन । यो एउटा विनम्र प्राणी हो जुन घर मालिकहरूले दाबी गरेजस्तो सफा नभएको बेला देखापर्दछ ।

# ‘ए, मेरा रातहरू’ मा लुकेका सुन्दर बिहानहरू

✍ रूपकेशरी उलक

रातहरू अत्यासलाग्दा हुन्छन् । भ्यागुताको ट्वारट्वार र घडीको एकनासे टिकटिकले चकमन्न रातमा नजानिँदो खलबल ल्याइरहन्छ । अनिँदो रातमा देखिएका सपना र बिहानको पर्खाइमा गनिएका गन्तिहरू साँच्चै अत्यासलाग्दा हुन्छन् । तर, त्यही रातलाई घोटेर कोरिएका निख्खर काला अक्षरहरू भने बेजोडका बन्दा रहेछन् । बस्, त्यसमा भाव रहनुपर्‍यो । भावले भरिएका र रातले कोरिएका अक्षरहरूले धेरैका दिनहरू खलबलाई दिन सक्दा रहेछन् । वैचारिक पर्वतका शृङ्खला बोकेका कवि हरिबहादुर श्रेष्ठका ‘ए, मेरा रातहरू’ यसैको एउटा सुन्दर उदाहरण हो ।

एकाध कवितालाई छोडेर समयक्रमका दृष्टिले ७० देखि ८० को दशकमा लेखिएका कविताहरू यस पुस्तकमा सङ्ग्रहित छन् । विश्वमा व्याप्त विकृति विसङ्गतिमाथि व्यङ्ग्य गर्दै कविले आफ्ना भावनाहरू पोखेका छन् । वर्गविहीन सुन्दर मानव समाज निर्माणको लामो यात्रामा रहेका कवि श्रेष्ठका प्रत्येक कविताले सतर्कता, स्थिरता र आशावादी चिन्तन बोकेका छन् । जनतालाई राजनैतिक चेतनाबाट सुसूचित गर्नु र




अन्यायको विरोधमा आवाज उठाउन जागरुक बनाउनु यस कृतिको काव्यधर्म बनेको छ । समस्याहरू आइरहन्छन् तर समाधानको प्रयास गर्दै जानुपर्छ, सङ्घर्षभित्रबाट सुन्दर भविष्यको निर्माण गर्नुपर्छ, व्यक्तिगत देखिने पीडामै पनि समाजको पीडा देख्नुपर्छ । ‘ए, मेरा रातहरू’ भित्रका कविताले यस्तै भावभङ्गीमा ओढेका छन् । कृतिको शीर्ष कविता ए, मेरा रातहरूमा कविले आफ्ना बेचैनी र छटपटिहरू मात्र पोखेका छैनन् बरु अबका दिनहरूमा यस्ता बेचैनीहरू अरुले भोग्न नपरून् भन्ने आशा कोरेका छन् । आफ्नी प्रिय जीवनसखीसँगको वियोग अनि त्यसै वियोगमाथि चिढाइरहने रातलाई काव्य बिम्ब बनाएर कविले रात चिरेर उदाउने बिहानको तीव्र आशा गरेका छन् । क्रान्तिकारी कविभित्रका कोमल पदचापहरू मर्मस्पर्शी लय बनेर यस कवितामा बगेका छन् र त्यही लय अन्तमा झङ्कार बनेर तरङ्गिएको छ, जसले कविभित्रको सौन्दर्य चेत मुखरित गराउँछ :

*तिमी मेरा आँखामा, चालै नदिई आउँछौ*
*मेरा हातबाट तिमीले, मेरा कलम थुत्छौ*
*बिस्तारै मलाई तिमी ओछ्यानमा पुर्‍याउँछौ ।*
*ए रात,*
*मेरो निद्रालाई कहाँ लुकायौ ?*
*मेरै मायालाई कहाँ लुकायौ ?*
*कुन पहाडको पछाडि लुकायौ,*
*कुन जङ्गलको पर्दामा लुकायौ*
*वा कुनै हिमालको कापमा लुकायौ ?*
*ए, रात*
*मैले मेरी मायालुलाई*
*छाँगा र छहरामा देखेँ*
*बग्दै गएको खोला-नालामा*
*छमछम गर्दै बगेको सुनेँ,*
*सायद तिनी मलाई खोज्दै थिइन् ।* **(पृ.८७,८८)**

रातसित गरेको अन्तरसंवादको शैलीमा लेखिएको यस कवितामा १० खण्ड रहेका छन् । हरेक खण्डले कविलाई जुझारु, निर्भिक तथा आशावादी बन्न हौस्याएको भान हुन्छ । पहिलो खण्ड र दोस्रो खण्डमा रातले आफूलाई चिढाएको र रातप्रति आफू रुष्ट बन्दै आफ्नी प्रिय सखीलाई लुकाएकोमा दु:ख पोखेका छन् भने खण्ड तीनदेखि रातले कविलाई आशाको दियो बाल्दै आफ्नै वरपर हरेक वस्तुमा प्रियालाई देख्न सङ्केत गरेको उल्लेख गरेका छन् । यस्तैमा कवि लेख्छन् :

*ए, रात*
*हरेक रात मेरो तकिया*
*कसले भिजायो ?*
*रातले कोठाको कुनामा*
*लुक्दै भन्यो -*
*तिम्रो मनभित्रको आँखासँग सोध,*
*“तिम्रो माया तिम्रो विपनामा खोज,*
*आशा, उत्साह र प्रयत्नमा खोज ।”* **(पृ.८८)**

रातलाई असहजताको प्रतीक मान्ने कविले रातपछिको बिहानलाई आशाको किरण मानेका छन्, जहाँ सिङ्गो मानव जातिको हितमा उभिने समाजको कल्पना गरेका छन् । पुँजीवादी समाज व्यवस्थाले निम्त्याएका कहालीलाग्दा पीडाहरूबाट बन्ने सुन्दर समाजको आशामा कवि लेख्छन् :

*ए रात, मेरा दु:खका कारण*
*भोलि समाजका कालाहरू बाँकी रहनेछैन*
*चुसेको सम्पत्ति अनि उत्पादनका साधन*
*झगडा गर्ने बीउ रहनेछैन*
*डाह, प्रतिस्पर्धा, स्वार्थ रहनेछैन*
*सबै कामलाई कर्तव्य सम्झने*
*दाजुभाइ अनि दिदी-बहिनी हुनेछन् ।* **(पृ.९१)**

समाजवादी मुलुक जहाँ धनी र गरिबको सीमा रहँदैन, उपचारको अभावमा मानिसहरू मर्न बाध्य हुने छैनन् र विछोडको पीडामा आँसु चुहाउने मानिसहरू हुने छैनन् । त्यसै समाजलाई इङ्गित गर्दै कवि लेख्छन् :

*ए रात !*
*तिमी नरहेजस्तै त्यो समाजमा*
*एक वर्गले अर्को वर्ग र राज्यलाई*
*दबाउने राज्य हुनेछैन,*
*खालि सञ्चालक जनताकै हुनेछ*
*समितिहरू हाकिम होइन*
*न त यातना दिने प्रहरी र*
*झ्यालखाना, पुर्पक्षका बन्दी ।*

................................

*चौबिसै घण्टा प्रकाशमय समाजमा*
*तिमी पनि त रहनेछैनौ, रात !*
*हो रात, तिमी पनि*
*प्रकाश भएर जन्म लिनेछौ ।* **(पृ.९१,९२)**

राजनैतिक जीवन अझ भनुँ क्रान्तिकारी सङ्घर्षमा हिँडेका योद्धाहरूको बाटोमा गुलाबका पत्रहरू बिछ्याइएको हुँदैन । यो कवि श्रेष्ठकै भनाइ हो । त्यस्तो मार्गमा होमिएर यात्रा गर्ने यात्रीहरू कम साहसी हुँदैनन् । यसै सन्दर्भमा ‘साथीहरूलाई पर्खदा पर्खँदै’ शीर्षकमा कविले यात्रामा छुटेका साथीहरूलाई सम्झेका छन् :

*पुराना साथीहरूलाई*
*पर्खदा पर्खँदै*
*आफ्नो यात्रा थालेँ !*

......................

*मैले रवीन्द्रनाथ ठाकुरलाई*
*सम्झेँ - मनमनै !*
*‘साथीहरूलाई बोलाउँदा पनि*
*कोही आएन भने साथी,*
*तिमी एक्लै जाऊ*
*रक्तप्लवित गोडा लिएर साथी*
*तिमी एक्लै जाऊ !’*

......................

*म त आज पनि बिहान*
*साथीको बाटो हेर्छु -*
*अब त आउला भनी*
*मानिसको हृदय पग्लेला भनी ।* **(पृ.१,३)**

गरिबवर्गलाई शासकहरू पाप र धर्मको पाठ पढाएर जोतिरहेका हुन्छन् । न्यायको बदला धर्मको भजन गाउँदै सहनशील बनाउन खोज्छन् तर अबका सचेत युवाहरू प्रश्न गर्न सक्ने भए, स्वर्ग र ईश्वरलाई खोज्न जान्ने भए भन्दै कवि लेख्छन् :

छोरी विद्यालयबाट फर्किन्
र सोधिन् आमासँग -
*“आमा ! बाढी आयो खोलामा*
*हाम्रो स्कूल पानीले भरियो*
*पढाइ बन्द भयो*
*बाढी किन आउँछ, आमा ?”*
*“स्वर्गबाट धेरै पानी पर्छ*
*पहाड र जङ्गलबाट पानी*
*धेरै धेरै खहरे र खोला*
*नदी भई बग्छ अनि*
*बाढी आउँछ, पुल बगाउँछ*

......................

*पापीहरूलाई सजाय नदिई*
*हाम्रो स्कूललाई किन सजाय दियो ईश्वरले*
*आमा ! भन्नुस् न, आमा !!* **(पृ.४,६)**

राष्ट्रिय हितभन्दा व्यक्तिगत हितको चङ्गुलमा फसेका शासकहरू जसले देशलाई विदेशीका सामु मगन्ते साबित गरिसके, देशका पौरखी युवाहरूलाई स्वदेशमै इलम दिनुको सट्टा वैदेशिक रोजगारीको नाममा मानव तस्करी गरेर अकुत सम्पत्ति कमाउने ती शासकहरूप्रति व्यङ्ग्य गर्दै कवि लेख्छन् :

*मित्रहरूसँग माग्दामाग्दै तिमीले*
*माग्ने पात्रो र झोलासमेत माग्यौ,*
*आफ्ना छोरा बेच्यौ, दास बजारमा*
*स्वास्नीमात्र होइन, छोरीसमेत बेच्यौ*
*आमा नै बेच्ने तिमीले*
*अब केको समृद्धिको नाटक गर्छौ ?* **(पृ.७)**

उपत्यका कला, संस्कृति र परम्पराले सजिएको सहर हो, जहाँका बासिन्दाहरू सांस्कृतिक मधुमा रमेर जीवन जिउँछन् । यहाँ कवि श्रेष्ठ ‘ए, नेवार दाजु-भाइ’ शीर्षकमा परम्पराको नाउँ दिएर एकाङ्गी जीवन मात्र नबाँची कला, संस्कृति र परम्पराको परिमार्जन होस् भन्ने चाहना राख्छन् । संस्कृतिको नाउँमा रहेका कत्ति विकृति र अवगुण सच्याउँदै आफूभित्रको जोश र जाँगरलाई सही ठाउँमा लगाउन सचेत गर्छन् र लेख्छन् :

*रचनात्मक काम, कमाइ र पढाइ छोडी*
*हप्तौंसम्म अबीर र सिन्दुर दली*
*मात्तिँदै हो-हल्ला र झगडा नगरौँ*
*भीडको झगडा हाम्रो संस्कृति होइन ।*

..............................................

*ए नेवार युवाहरू, ढुङ्गा हानौँ*
*भ्रष्टाचारी प्रवृत्तिलाई*

..........................

*रथ तान्नेमा झगडा होइन; सिंहदरबार घेरौँ*
*आत्मसमर्पणको विरोधमा लाम कसौँ ।* **(पृ.९,१०)**

चुनावमा जनविश्वास जितेका जनप्रतिनिधिहरूलाई बधाई दिँदै लेखिएको ‘ए, मेरा जनप्रतिनिधिहरू’ कवितामा मेलमिलापको भाव राख्दै सहर र गाउँमा भेद नगरी काम गर्न तथा लालच र प्रलोभनको जालोमा फस्नबाट जोगिन सन्देश दिएका छन् भने विभीषणरूपी छद्मभेषीहरूबाट बच्न सतर्क गरेका छन् :

*मेरा गाउँका जनप्रतिनिधिहरू*
*सानैदेखिका मेरा प्रियहरू*
*सँगै हुर्केबढेका साथीहरू*
*बधाई छ, नयाँ भूमिकामा ।*

*नगरका मेरा प्रतिनिधिहरू*
*सँगै विद्यालय र कलेजमा*
*पढ्दाका सहपाठी र मित्रहरू*
*हो, नयाँ भार तिमीहरूमा छ !*

..................................

*नून नखाऔँ अरुको, खाऔँ आफ्नै फल*
*खाऔँ अन्न पानी आफ्नै देशको*
*सेवा गरौँ आफ्नै जनताको*
*तर, ज्यू-हजुरी नगरौँ पराइको*

...............................

*वैरीजस्तै वैरीका दूत भाइलाई*
*सम्झाऔँ- विभीषण नबनौँ,*
*बन्चरोको बिँड नबनौँ*
*हामी एक होऔँ, हाम्रो जङ्गल जोगाऔँ*
*मेरा प्रिय प्रतिनिधिहरू ।* **(पृ.१२,१३)**

विश्व अहिले युद्धको चक्रमा छ । एकले अर्कोमाथि प्रहारको क्रम छ । समाचारहरूले आतङ्कवाद र शान्तिको नाममा खबरहरू दिइरहेका छन् । आतङ्कवादी नाम पाएकाहरू कतिको दोषी छन् अनि शान्तिको धुन बजाउँदै मिसाइल प्रहार गर्ने मुलुकहरू कतिको निर्दोष छन् । यी सबैको लेखाजोखा हुनुपर्छ । साम्राज्यको लालसामा लुटपुटिएकाहरूको नजर हाम्रै मुलुकमाथि पनि गडेको छ । कुन दिन आफ्नै देशमाथिको ध्वंसको खबरलाई स्वीकार्नुपर्ने हो तब हामी आफैँ बम बारुद र मिसाइलको आगोमा जलिरहेका हुनेछौँ । कवि श्रेष्ठले विध्वंसका नायक पहिल्याउन सचेत गर्दै आतङ्कवाद र साम्राज्यवाद शीर्षकमा लेखेका छन् :

*प्रिय, फ्रान्स, जर्मनी, इटाली*
*युरोपका अनेक देश र सहरमा*
*विस्फोट, हिंसा, मृत्युको ताण्डवबारे*
*प्रश्न गर्‍यौं - बारम्बार !*

........................

*प्रिय, त्यो स्वतन्त्रताको आवाज थियो*
*तर, कार्यशैलीमात्र आतङ्कवादी थियो*

..............................

*प्रिय, ती म्यानचेस्टरमा विस्फोट गर्ने*
*आतङ्कवादी नामका युवाहरूले*
*बयानमा भन्ने छन् -*
*“हाम्रा देशहरूमा बन्दुक र बमले*
*सयौँ वर्ष कब्जा गर्ने*
*र हाम्रा सम्पत्तिहरू लुट्ने,*
*हाम्रा सेवालाई दास भन्नेहरू*
*हाम्रा हजुरबुबाहरूको हत्या गर्ने*
*के आतङ्कवादी थिएनन् ?”* **(पृ.१४,१५)**

आतङ्कवादको नाम दिएर विश्व साम्राज्यको सपना बुनेका नाटो देशका शासकहरूलाई दुर्दिनको सङ्केत गर्दै कवि अन्तमा लेख्छन् :

*पेरिस, बोन, रोम,*
*लन्डन, वासिङटन*
*अनि नाटो देशका शासकहरूले*
*समयमै सोचेनन् भने*
*आफ्ना हिंस्रक दाह्रा*
*र नङ्ग्राहरू फालेनन् भने*
*तिनीहरूले आफ्नै कोठामा*
*काल खोजेको साबित हुनेछ ।* **(पृ.१६)**

हाल इजरायल र इरानमा व्याप्त युद्धलाई लिएर ‘इरानमा आतङ्कवादको छाया’ शीर्षकमा युद्धका कारकलाई इङ्गित गर्दै कवि लेख्छन् :

*ट्रम्पले साउदी अरबमा*
*बोले- आतङ्कवादको विरोध गरौँ ।*
*धर्मको नाउँमा वा सम्प्रदायको नाममा*
*आतङ्कवाद स्वीकार्य छैन ।*

............................

*ट्रम्प इजरायल गए*
*मित्रताको तयारी भाषण पढे,*
*तर, तिनीहरूको शान्ति*
*र मित्रताको आँखा भने*
*इरानको नक्सामा थियो ।* **(पृ.१७)**

कवि श्रेष्ठको यस पुस्तकमा स्थानीयदेखि अन्तर्राष्ट्रिय विषय वा क्षेत्रसम्मका भावयुक्त कविताहरू रहेका छन् । देश विदेशमा घटेका राजनीतिक घटनाहरूको विश्लेषणसहित कविले आफ्ना भावाव्यक्ति दिएका छन् । प्रत्येक कविताभित्र समयको चेत छ र हरेक कविताले सत्यको जीत हुने आशा बोकेका छन् । समाजलाई सत्मार्गतर्फ डोहोऱ्याउन उठेका विचारशील कविताहरूले महत्त्वपूर्ण दस्ताबेजको ओजन बोकेका छन् । जम्मा ३८ वटा कविताले बाँधिएको यस पुस्तक साम्यवादी समाज निर्माणको महायात्रामा लागेका योद्धाहरूका निम्ति बलियो खुराक हो ।

काव्य शैलीका हिसाबले हेर्दा सबै कविताहरू गद्य शैलीमा लेखिएका छन् । शाब्दिक चातुर्यताभन्दा भाव पक्षमा रहेको गम्भीरताका आधारमा कृतिलाई तौलनु जायज हुन्छ । शब्द खेलाएर माधुर्यता ल्याउनमा भन्दा कवि स्पष्ट विचार सम्प्रेषणमा केन्द्रित छन् । त्यसैले, प्रत्येक कविताका गर्भमा इतिहासका खण्डहरू गाभिएका छन् । समय र परिवेशको सन्दर्भ जुराएर कविभावलाई आस्वादन गर्दा स्पष्ट काव्यभाव झुल्काउने गुण पुस्तकमा रहेको छ ।

आकर्षक र सटिक बिम्ब रहेको शीर्षक छनोट मुहारमा टल्किएको रातो टिलकजस्तै सुन्दर र मोहक छ । पुस्तकको आवरण कलाले कविभित्रको आशावादी चिन्तन र काव्य रसलाई सजिलै झल्काउँछ । काव्यप्रेमीहरूका निम्ति ‘आकाश बाँधिएको छैन’ कृति प्रकाशनपश्चात् लामो पर्खाइपछिको सुन्दर उपहार बनेको छ - ‘ए, मेरा रातहरू !’ सुन्दर विचार र दूरदर्शी कवि श्रेष्ठप्रति सदा प्रेम तथा आगामी काव्योपहारको आसमा निरन्तर प्रतिक्षा ।



इन्डियाको राजधानी नयाँ दिल्लीमा एनईईटी परीक्षाहरूको अनियमिततामा मुछिएका केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामा माग गर्दै भइरहेको युवा विद्यार्थीहरूको आन्दोलन बढ्दै गएर मोदी नेतृत्वको भाजपा सरकारकै विरोधमा चर्केको आन्दोलनमाथि दिल्ली पुलिसद्वारा पानीको फोहरा प्रयोग गरी गरिएको अवरोधपूर्ण दमन जुलाई २२, २०२६ का दिन। *तस्बिर : सचिन कुमार/एएफपी*

# इरान युद्धमा अमेरिकाको ३७.५ अर्ब डलर खर्च

तेहरान, ६ साउन (एएफपी)। इरानसँग जारी युद्धमा हालसम्म ३७ अर्ब ५० करोड अमेरिकी डलर खर्च भइसकेको अमेरिकी प्रशासनको दाबीबिच तेहरान र अन्य क्षेत्रमा बुधबार पुन: अमेरिकी हवाई आक्रमण भएको छ। यससँगै इरानले हवाई सुरक्षा प्रणाली सक्रिय पारेको छ भने दुवै पक्षबिचको तनाव अझ चर्किएको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युद्ध अझै समाप्त नभएको र अहिले नै सैन्य कारबाही रोक्ने अवस्था नरहेको बताएका छन्। उता, अमेरिकी रक्षा मन्त्रालयका प्रमुख पीट हेग्सेथले युद्ध सञ्चालनमा हालसम्म ३७ अर्ब ५० करोड डलर खर्च भइसकेको जानकारी दिँदै सेनाका लागि थप अर्बौं डलर बजेट आवश्यक रहेको बताएका छन्।

अमेरिकी सेनाले लगातार एघारौँ रात इरानमाथि आक्रमण गरेको पुष्टि गर्दै हर्मुज जलघाँटी हुँदै सञ्चालन हुने व्यापारिक जहाजलाई जोखिममा पार्ने इरानी सैन्य क्षमतालाई कमजोर बनाउने उद्देश्यले सैन्य रसद संरचनालाई निशाना बनाइएको जनाएको छ। इरानी सरकारी सञ्चारमाध्यमका अनुसार आणविक ऊर्जा केन्द्र रहेको बुसेहरसहित विभिन्न क्षेत्रमा आक्रमण भएको छ भने तेहरानको पश्चिम, पूर्व र उत्तरपूर्वी क्षेत्रमा हवाई सुरक्षा प्रणाली सक्रिय भएको आवाज सुनिएको थियो।

हर्मुज जलघाँटीमा सुरु भएको द्वन्द्व विस्तार हुँदै मध्यपूर्वका अन्य रणनीतिक समुद्री मार्गसम्म पुगेको छ। यसले विश्वव्यापी तेल आपूर्ति र अन्तर्राष्ट्रिय ऊर्जा बजारमा थप अनिश्चितता सिर्जना गरेको विश्लेषण गरिएको छ।

ट्रम्पले अर्को सम्भावित अमेरिकी लक्ष्य नतान्ज नजिक रहेको 'पिक्याक्स माउन्टेन' नामक भूमिगत आणविक परिसर हुन सक्ने सङ्केत गर्नुभएको छ। पश्चिमी गुप्तचर निकायहरूले उक्त क्षेत्रमा इरानले अघोषित युरेनियम संवर्धन केन्द्र निर्माण गरिरहेको आशङ्का व्यक्त गर्दै आएका छन्।

यसको प्रतिक्रियास्वरूप इरानले अमेरिकी तथा उसका सहयोगी मुलुकका हितमाथि थप आक्रमण गर्ने चेतावनी दिएको छ। खताम अल-अन्बिया सैन्य कमान्डले सम्भावित नयाँ अमेरिकी आक्रमणलाई क्षेत्रीय युद्ध विस्तारका रूपमा लिइने र त्यसको जवाफ अमेरिका, उसका सहयोगी तथा समर्थकका सम्पत्तिमाथि आक्रमणमार्फत दिइने जनाएको छ।

यता, कुवेतले बुधबार इरानबाट आएको भनिएको ड्रोन आक्रमणलाई आफ्नो हवाई सुरक्षा प्रणालीले निष्क्रिय पारेको जनाएको छ। बहराइनले पनि इरानी आक्रमणहरू रोकिएको दाबी गरेको छ भने कुवेत र जोर्डनले ड्रोन तथा मिसाइल आक्रमण विफल बनाएको बताएका छन्। इरानी सेनाले कुवेत र बहराइनमा रहेका अमेरिकी हवाई सुरक्षा प्रणाली, राडार तथा प्रशासनिक संरचनालाई निशाना बनाएको जनाएको छ।

इरान समर्थित यमनका हुथी विद्रोहीहरूले साउदी अरेबियाका बन्दरगाह अवरुद्ध गर्ने चेतावनी दिएपछि तनाव थप बढेको छ। राष्ट्रपति ट्रम्पले यस्तो प्रयास भए त्यसको कडा जवाफ दिइने चेतावनी दिनुभएको छ। साउदी अरेबियाले पनि हुथीहरूको धम्कीको कडा निन्दा गरेको छ।

समुद्री सुरक्षा कम्पनी भ्यानगार्ड टेकका अनुसार साउदी अरेबियाको यानबु बन्दरगाहबाट कच्चा तेल बोकेर निस्किएका दुई ट्याङ्करले लाल सागरमा मार्ग परिवर्तन गरेका छन्। विश्लेषकहरूका अनुसार हुथीहरूले साउदी तेल निर्यात मार्गमा अवरोध पुर्याउन सफल भए विश्व ऊर्जा बजारमा गम्भीर असर पर्न सक्छ।

यसैबिच, इरानी रिभोलुसनरी गार्ड्सले हर्मुज जलघाँटी पार गर्ने प्रयास गरिरहेका दुई ट्याङ्कर विस्फोटमा परेर ठप्प भएको दाबी गरेको छ। बेलायतको युनाइटेड किङ्डम मेरिटाइम ट्रेड अपरेसन्स (युकेएमटीओ) ले पनि ओमानको तट नजिक एउटा ट्याङ्करमा अज्ञात प्रक्षेप्य ठोक्किएको जनाएको छ।

युद्ध चर्किए पनि कूटनीतिक सम्पर्क भने पूर्ण रूपमा रोकिएको छैन। इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाकाईले मध्यस्थकर्तामार्फत अमेरिकासँग संवाद जारी रहेको जानकारी दिनुभएको छ। यसैक्रममा पाकिस्तानका प्रधानमन्त्री शाहबाज सरिफले इरानका गृहमन्त्री एस्कन्दर मोमेनीसँग भेट गर्दै सबै पक्षलाई संयम अपनाउन र मध्यपूर्वलाई थप अस्थिर बनाउने गतिविधिबाट टाढा रहन आग्रह गर्नुभएको छ।

# अमेरिकाले आणविक तथा संवेदनशील क्षेत्रमा आक्रमण गरे आफ्नो आक्रमण विस्तार गर्ने इरानको चेतावनी

तेहरान, ६ साउन (सिन्ह्वा)। यदि अमेरिकाले इरानको आणविक र अन्य संवेदनशील क्षेत्रहरूमा आक्रमण गर्यो भने तेहरानले अमेरिका र अमेरिकाका सहयोगीलाई लक्षित गरी आफ्नो आक्रमण विस्तार गर्ने इरानको मुख्य सैन्य कमान्ड, खातम अल-अन्बिया केन्द्रीय मुख्यालयले बुधवार चेतावनी दिएको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी सेनाले मध्य प्रान्त इस्फहानको पहाडमुनि रहेको इरानी आणविक सुविधामा छिट्टै आक्रमण गर्ने भनि दिएको धम्कीको प्रतिक्रियामा इरानीको यस्तो प्रतिक्रियात्मक चेतावनी आएको जनाइएको छ।

सैनिक मुख्यालयले संयुक्त राज्य अमेरिकाले इरानको आणविक र संवेदनशील केन्द्रहरूमा आक्रमण गर्ने धम्की कार्यान्वनको चरणमा प्रवेश गरेमा इरानले प्रतिक्रियामा मध्यपूर्व क्षेत्रमा युद्धको विस्तार गरी संयुक्त राज्य अमेरिका र यसका सहयोगीहरू तथा समर्थकहरूको हितको विरुद्धमा शक्तिशाली आक्रमण गर्ने जनाइएको छ।

यसैबिच इरानको इस्लामिक रिभोलुसन गार्ड कर्प्सले आफ्नो आधिकारिक समाचार पोर्टल सेपाह न्यूजमा विज्ञप्ति प्रकाशित गर्दै इरानी सेनाले कुवेतको अली अल सलेम एयर बेस वरपरको प्रारम्भिक चेतावनी रडार प्रणाली र वरपरका धेरै सुरक्षासँग सम्बन्धित रडारहरू नष्ट गरेको जनाएको छ।

होर्मुजको जलमार्गमा इरानी सेनाले जहाजहरूलाई लक्षित गरी गरेको आक्रमणको प्रतिक्रियामा आक्रमण गरेको जनाउँदै अमेरिकाले आक्रमणको उद्देश्य व्यापारिक ढुवानीलाई धम्की दिने इरानको क्षमतालाई कम गर्ने रहेको जनाएको छ।

इरानले यस क्षेत्रमा रहेका अमेरिकी सैन्य सुविधाहरूलगायत अन्य अमेरिकी सुविधाहरूलाई लक्षित गर्दै मिसाइल तथा ड्रोन आक्रमणको लहरहरूको साथ प्रतिक्रिया दिएको जनाएको छ।

गत जुन -१८ मा हस्ताक्षर गरिएको शान्ति सम्झौताको बावजुद पछिल्लो समयमा तनाव बढेको छ जसमा दुई देशहरूले अन्तिम सम्झौतामा पुग्नका लागि ६० दिनभित्र निर्णायक वार्ता गर्ने विषय तय गरिएको थियो।

# विरोध प्रदर्शनका क्रममा पक्राउ परेका भारतीय विपक्षी दलका नेता रिहा

नयाँदिल्ली, ६साउन (एएफपी)। विरोध प्रदर्शनका क्रममा पक्राउ परेका भारतीय विपक्षी दलका नेता राहुल गान्धीलाई रिहा गरिएको जनाइएको छ।

कङ्ग्रेस जनता पार्टी (सिजेपी) को नेतृत्वमा आह्वानमा सामाजिक सञ्जालमार्फत सुरु भएको विरोध प्रदर्शन सन् २०२४ मा मोदी सरकार पुन: निर्वाचित भएपछिको सबैभन्दा ठुलो चुनौतीका रूपमा देखा परेको जनाइएको छ। प्रदर्शनकारीहरूले शिक्षा मन्त्री धर्मेन्द्र प्रधानको राजीनामा र परीक्षा प्रणालीमा व्यापक सुधारको माग लगायतका नारा लगाउँदै प्रदर्शन गर्दै आएको जनाइएको छ।

भारत सरकारले विद्यार्थीहरूको मागलाई बेवास्ता गरी नयाँ दिल्लीमा जारी प्रदर्शनमा प्रहरी दमन गरेको आरोप लगाउँदै गान्धीले मङ्गलबार विरोध प्रदर्शनको नेतृत्व गरेका थिए।

परीक्षा विवादको व्यवस्थापनलाई लिएर बढ्दो दबाबको सामना गर्दै शिक्षामन्त्री प्रधानले मङ्गलबार सरकार सुधारका लागि प्रतिबद्ध रहेको बताउनुभएको छ।

सामाजिक सञ्जालमार्फत विद्यार्थीहरूलाई सम्बोधन गर्दै सुधार र जवाफदेहिताका लागि सरकार पूर्ण प्रतिबद्ध रहेको टिप्पणी गर्नुभएको छ।

लामो समयपछि राजधानीमा भएको सबैभन्दा ठुलो विरोध प्रदर्शनमा प्रदर्शनकारीहरूले सुरक्षा बलमाथि ढुङ्गा प्रहार गरेपछि प्रहरीले प्रदर्शनकारीमाथि अश्रु ग्याँस र लाठीचार्ज गरेको प्रहरीले जनाएको छ।

प्रदर्शनका क्रममा ६० जना सर्वसाधारणका साथै अन्य ११८ जना प्रहरी कर्मचारी घाइते भएको प्रहरीले बताएको छ।

विरोधलाई समर्थन गर्दै मुम्बई र बेङ्गलुरुमा पनि सयौँ मानिसहरूले विरोध प्रदर्शन गरेको जनाइएको छ।

सामाजिक सञ्जालमा शिक्षामन्त्री प्रधानलाई अयोग्य भन्दै सीजेपीले विरोधको तेस्रो दिन बुधबार पनि आफ्नो अभियान जारी राख्ने प्रतिवद्धता जारी गरेको छ।

हिन्दू राष्ट्रवादी नेताले सन् २०२४ मा तेस्रो कार्यकाल प्राप्त गरेपछि मोदीका लागि सबैभन्दा ठुलो चुनौती प्रस्तुत गर्दै सिजेपीले गत मे महिनामा यसको सुरुवात भए देखि नै सामाजिक सञ्जालमा लाखौँ अनुयायीहरूलाई आकर्षित गरेको जनाइएको छ।

विरोध प्रदर्शनले भारतको परीक्षा प्रणालीमाथि प्रश्न उठाउँदै विश्वासलाई कमजोर पारी विवादहरूको श्रृङ्खलालाई पछ्याएको जनाइएको छ। जसमा मेडिकल प्रवेश परीक्षाको प्रश्नपत्रको गोपनियता भङ्ग हुँदा करीब २० लाखभन्दा बढी उम्मेदवारहरूलाई परीक्षा पुन: दिन बाध्य तुल्याएको जनाइएको छ।

लगभग २० लाख विद्यार्थीहरू सहभागी रहेको भारतको मेडिकल प्रवेश परीक्षाको अनलाइन नम्बरसँग सम्बन्धित विवाद चर्केर जनताको आक्रोशलाई अझै उच्च बनाउदा विरोध चर्किएको जनाइएको छ।

# सङ्घीय सरकारले नेतन्याहुलाई पक्राउ गर्नुपर्छ : न्युयोर्क मेयर ममदानी




न्युयोर्क, ६ साउन (एएफपी)। न्युयोर्कका मेयर जोहरान ममदानीले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुविरुद्ध अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी) ले जारी गरेको पक्राउ पुर्जी कार्यान्वयन गर्ने स्वतन्त्र कानुनी अधिकार न्युयोर्क सहरसँग नरहेको स्पष्ट पार्दै त्यसका लागि अमेरिकी सङ्घीय सरकारले आवश्यक कदम चाल्नुपर्ने बताउनुभएको छ।

सामाजिक सञ्जालमार्फत सार्वजनिक गर्नुभएको भिडियो सन्देशमा मेयर ममदानीले नेतान्याहु न्युयोर्क आएमा आइसिसीको पक्राउ पुर्जी कार्यान्वयन गर्न सकिने वा नसकिने विषयमा आफ्नो प्रशासनले लागू कानुनका सबै पक्षको समीक्षा गरेको जानकारी दिनुभयो। त्यसक्रममा न्युयोर्क सहरसँग उक्त पक्राउ पुर्जी कार्यान्वयन गर्ने स्वतन्त्र कानुनी अधिकार नभएको निष्कर्षमा पुगेको उहाँले बताउनुभयो।

उहाँले सङ्घीय सरकारसँग भने यस्तो अधिकार रहेको उल्लेख गर्दै संयुक्त राज्य अमेरिकालाई आइसिसीसँग सहकार्य गरी पक्राउ पुर्जी कार्यान्वयन गर्न आग्रह गर्नुभयो।

हेगस्थित आइसिसीले सन् २०२४ मा गाजा युद्धसँग सम्बन्धित कथित युद्ध अपराध तथा मानवताविरुद्धका अपराधमा नेतान्याहु जिम्मेवार रहेको विश्वास गर्ने पर्याप्त आधार रहेको भन्दै उहाँविरुद्ध पक्राउ पुर्जी जारी गरेको थियो। यो मुद्दा सन् २०२३ अक्टोबर ७ मा हमासले इजरायलमाथि गरेको आक्रमणपछि गाजामा इजरायलले सञ्चालन गरेको सैन्य कारबाहीसँग सम्बन्धित छ।

यसैबिच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार नेतान्याहु आगामी सेप्टेम्बरमा न्युयोर्कमा हुने संयुक्त राष्ट्रसङ्घको महासभामा सहभागी भए पक्राउको सामना गर्नुपर्ने अवस्था नआउने आश्वासन दिएका थिए।

मेयर ममदानीले भिडियो सन्देशमा गाजामा भएको विनाशलाई विश्वले गम्भीर रूपमा हेर्नुपर्ने बताउँदै आफू आइसिसीको धारणा अनुसार नेतान्याहुलाई पक्राउ गरी आरोपबमोजिम कानुनी प्रक्रिया अघि बढाइनुपर्ने पक्षमा रहेको उल्लेख गर्नुभयो। उहाँले आइसिसीले आरोप लगाएका अन्य सबै व्यक्तिको हकमा पनि समान कानुनी मापदण्ड लागू हुनुपर्ने धारणा व्यक्त गर्नुभयो।

यता, नेतान्याहुको कार्यालयले भने मेयर ममदानीको अभिव्यक्तिलाई अस्वीकार गर्दै आइसिसीलाई 'कङ्गारु अदालत' को संज्ञा दिएको छ।

# कमैया इतिहासको छुटेको अध्याय

इन्दु थारू

मेरी हजुरआमा बेलाबेला जमिनदारका कथा सुनाउनुहुन्छ । ती सामान्य कथा होइनन् । ती त पीडा र आक्रोशले भरिएका कथा हुन् ।

धान रोप्न सक्ने भएपछि सायद आठ-नौ वर्षकी छँदा कैलालीको लालपुर गाउँका एक जमिनदारको खेतमा मजदुरी गर्न जानुभयो हजुरआमा । उहाँ आफ्नो उमेर ठ्याक्कै भन्न सक्नुहुन्न किनभने उहाँलाई आफू जन्मेको साल थाहा छैन । नागरिकतामा भने १९९७ साल उल्लेख छ । गाउँका अन्य महिला र केटी मजदुरी गर्न गएको देखेर उहाँ पनि केही पैसा कमाउने आशामा जानुभएको थियो ।

जमिनदारले कामको निश्चित दर तोकेका थिएनन् । दिनैभर धान रोपेपछि उनले केटीहरूको छाती हेरेर पारिश्रमिक निर्धारण गर्थे । जसको छाती ठुलो थियो, उसलाई अलि बढी पैसा । जसका सानो, उसलाई कम । हजुरआमा आज पनि हाँस्दै सुनाउनुहुन्छ, "मै छोट रहु, महिन टे इट्रीचे डेहल ।" (अर्थात्, "म सानो थिएँ, मलाई त एकदमै थोरै ( पैसा) दियो ।")

उहाँ बेलाबेला देशरज्वा, गुरुंगवा, चौधरीयाजस्ता त्यसबेला नाम चलेका जमिनदारका कथा सुनाइरहनुहुन्छ । आज यो कथा सुन्दा मात्रै पनि आक्रोश र अपमानले मथिङ्गल हल्लाउँछ । सम्पत्तिको उन्मादमा एक शोषकले एउटी बालिकाको शरीरमाथि गरेको शक्ति प्रदर्शनले आज पनि मन अस्थिर बनाउँछ ।

हजुरआमा कमलरी हुनुहुन्थेन । उहाँ केवल मजदुरी गर्न जानुभएको थियो । दैनिक ज्याला गर्ने बालिकाले त यस्तो अपमान सहनुपर्थ्यो भने वर्षौंसम्म कमैया र कमलरी जीवन बिताएका मानिसले कति हिंसा, अपमान र आघात भोगे होलान् ? ती आघात आज पनि मुक्त कमैया र मुक्त कमलरीको शरीर र स्मृतिमा जीवित छन् ।

आज पनि हजारौँ मुक्त कमैया र मुक्त कमलरी हाम्रै समाजमा छन् । ती खोला किनारमा, जङ्गल छेउमा र बगरका छाप्रामा जीवन बिताइरहेका छन् । उनीहरू विगतका आघात भुलेर मुस्कुराउने प्रयास गर्छन्, तर परिस्थितिले दिँदैन । झरी पर्दा उनीहरूको छाप्रो चुहिन्छ । कुनै दिन काम नपाउँदा भोकै सुत्नुपर्छ । कागजमा उनीहरू मुक्त भइसकेका छन्, तर जीवनका आघातबाट मुक्त हुन सकेका छैनन् । थारू भाषामा काम गर्ने वा कमाउने पुरुषलाई 'कमुइया' भनिन्छ, महिलालाई 'कमलरिया' । पछि यी शब्द नेपालीकरण भए । 'कमुइया' बाट 'कमैया' बन्यो र 'कमलरिया' बाट 'कमलरी' । गैरसरकारी संस्था, राज्यका दस्ताबेज र सञ्चारमाध्यमले 'कमैया', 'कमलरी' शब्द स्थापित गरे । यसरी स्थापित गरियो कि आज थारू गाउँमै पनि मूल शब्द 'कमुइया' र 'कमलरिया' हराउँदै गएका छन् ।

**सबै कमैया एउटै थिएनन्**

कमैया राख्ने चलन थारू गाउँमा प्रचलित थियो । तर, सबै कमैयाको अनुभव एकैनासको थिएन । ठुला जमिनदारहरू (जसका सयौँ बिघा जमिन थिए) धेरै कमैया र कमलरी राख्थे । कमैयाहरू कोही हलो जोत्थे, कोही गोरु-भैंसी हेर्थे, कोही भेडाबाख्रा । कमलरीहरू कोही गोबर फाल्थे, कोही भाँडा माझ्थे । कतिपय जमिनदारका घरमा त पशु यति धेरै हुन्थे कि एक जना महिला कामदारले गोबर फाल्ने काम मात्रै गर्नुपर्थ्यो ।

जमिनदारबाहेक थारू किसानहरू पनि कमैया राख्थे । जमिनदारलाई गाउँलेहरू 'जिम्डरवा' भन्थे । कमैया-कमलरीहरू अरूका अगाडि जमिनदारलाई प्राय: 'मलिक्वा' र जमिनदारकै अघि 'मलिक्वा हजुर' भनी सम्बोधन गर्थे । थारू किसानलाई अरूका अगाडि प्राय: 'किसन्वा' भनिन्थ्यो । किसानका घरमा काम गर्ने कमैया-कमलरीले घरका सबैलाई केही न केही साइनोले बोलाउँथे- जस्तो 'डाडा भउजी', 'काकाकाकी' । यस्तो सम्बोधन 'मलिक्वा' को घरमा कल्पनासम्म गरिँदैनथ्यो ।

थारू किसानका घरमा बस्ने कमैयाको जीवन जमिनदारका घरमा बस्ने कमैयाभन्दा धेरै फरक हुन्थ्यो । थारू किसानले कमैया-कमलरीलाई घरको सदस्यसरह व्यवहार गर्थे । अपवादबाहेक, किसान घरका सदस्यहरू आफ्ना कमैया र कमलरीसँगै बराबरी काम गर्थे । परिवार र कमैया-कमलरी सबैका लागि एकै प्रकारको खाना पाक्थ्यो ।

थारू किसानको घरमा रहेका कमैयाले आफूले खाएको थालसमेत धुनु पर्दैनथ्यो । किनभने भाँडा माझ्ने काम महिलाको जिम्मेवारी मानिन्थ्यो । त्यसैले कमैयाको जुठो थाल घरकी महिलाले नै धुन्थिन् ।

किसान र कमैयासँगै हलो जोत्थे । सँगै खेतमा पसिना बगाउँथे । किसान घरकी महिला र कमलरी सँगै धान रोप्थे । घरको काम बाँडेर गर्थे । वर्षैभरि काम गरेपछि पूर्वसहमतिअनुसार कमैया र कमलरीलाई धान वा अन्न पारिश्रमिक दिइन्थ्यो । अर्को वर्ष त्यही घरमा काम गर्ने वा नगर्ने भन्ने निर्णय गर्ने स्वतन्त्रता कमैयासँग हुन्थ्यो ।

तर, जमिनदारको घरमा बस्ने कमैयाको जीवन बिल्कुलै फरक थियो । उनीहरू काम गर्न राखिएकाभन्दा बढी मालिकका दास थिए । अधिकांश कमैयामाथि 'सौँकी' अर्थात् बढ्दै जाने ऋणको बोझ थियो । त्यो ऋण कहिल्यै सकिँदैनथ्यो, बरु उल्टै बढ्दै जान्थ्यो । 'सौँकी' बढेर बुबा, छोरा, नातिसम्मका कैयौँ पुस्ताले एउटै जमिनदारको दास भएर जीवन व्यतीत गर्नुपर्थ्यो । कमैयाले मात्रै होइन, उसका श्रीमती र बच्चासमेतले जमिनदारकोमा काम गर्नुपर्थ्यो । त्यसपछि पनि ऋण चुक्ता हुँदैनथ्यो ।

**कमलरी : श्रम शोषणदेखि यौनहिंसासम्म**

सम्पन्न परिवारले साना केटीहरूलाई घर र खेतको काममा कामदारका रूपमा राख्थे । खान-लाउन नपुग्ने गरिब परिवारका आमाबुबा आफ्ना छोरीहरूलाई बाध्यतावश जमिनदारका घरमा वा हुनेखानेको घरमा काम गर्न पठाउँथे ।

अलिअलि काम गर्न सक्ने सात-आठ वर्षका बालिकालाई समेत कमलरी राख्ने चलन थियो । ती बालिकालाई उनीहरूको उमेर र क्षमताभन्दा धेरै कठिन काम गराइन्थ्यो । तिनको शोषण श्रममा मात्रै सीमित थिएन । धेरै बालिका शारीरिक, मानसिक र यौनहिंसाका सिकार हुन्थे ।

विवश आमाबुबाले आफ्नी छोरीलाई हुनेखानेको घरमा काम गर्न पठाएका थिए, बेचेका थिएनन् । उनीहरूको आशा थियो- छोरीले काम गरोस् र कम्तीमा पेटभरि खान पाओस् । तर, अधिकांश पूर्वकमलरीको अनुभव छ - काम गरे पनि पेटभरि खान पाइएन । मालिक-मालिक्नीले विवश कमलरीमाथि आफ्नो अधिकार जमाए । साना बच्चीहरूलाई कठोर काम गराउनु, निर्दयतापूर्वक कुट्नु र यौनहिंसा गर्नुलाई आफ्नो अधिकार सम्झे ।

कतिपय घटनामा कमलरीको मृत्यु भएपछि आत्महत्या भनी सार्वजनिक गरिन्थ्यो । उदाहरणका लागि, २०७५ जेठ २९ मा बासगढी नगरपालिका-२ बर्दियाकी ११ वर्षीया अस्मिता चौधरी कमलरी बसेको मालिकको घरमा झुन्डिएको अवस्थामा भेटिइन् । कमलरी अधिकारका लागि काम गर्ने अभियन्ता र संस्थाहरूले त्यो 'आत्महत्या नभई हत्या भएको' दाबी गर्दै निष्पक्ष छानबिनको मागसहित आन्दोलन गरेका थिए ।

**सबैभन्दा अदृश्य बुकरही**

थारू समुदायमा चरम श्रम शोषणको चर्चा हुँदा सबैभन्दा ओझेलमा परे बुकरहीहरू । बुकरही भनेको कमैयाकी श्रीमती ।

कमैयाले जहाँ काम गर्थे, बुकरहीले पनि त्यहीँ काम गर्नुपर्थ्यो । तर, उनको श्रमको कुनै मूल्य तोकिँदैनथ्यो । कमैयाको वर्षभरिको पारिश्रमिक तय हुँदा बुकरहीको श्रम त्यसैभित्रै समेटिएको मानिन्थ्यो । बुकरहीहरूले छुट्टै ज्याला पाउँदैनथे ।

थारू किसानका घरका बुकरहीलाई धान रोप्ने बेला, धान काट्ने बेला, चाडपर्व वा पाहुना धेरै आएका बेला काममा सघाउन बोलाइन्थ्यो । साथै उनका छोराछोरीलाई पनि सक्ने काम गर्न लगाइन्थ्यो । यदि कमैयाका धान रोप्ने उमेरका छोराछोरी भए, तिनले पनि बिनाज्याला काम गर्नुपर्थ्यो । कमैयाका साना उमेरका छोरीहरू विशेष गरी 'छेग्रिन्ह्या' (बाख्रा) चराउँथे र छोराहरू 'गयर्वा' वा 'भैसर्वा' (गाईभैँसी) चराउँथे ।

बुकरहीले किसानको घरमा काम गरेको दिन 'कलुवा', 'मिझनी' र 'बेरी' अर्थात् दिनको तीनपटक खाइने खाना किसानकै घरमा सपरिवार खान पाउँथे । जसरी जमिनदार र थारू किसानका घरमा कमैयाको जीवन फरक थियो, त्यसैगरी बुकरहीको जीवन पनि फरक थियो । किसानको घरमा बुकरहीको श्रमको मूल्य थिएन, तर जमिनदारको घरमा उनको शरीर नै असुरक्षित थियो । जमिनदारकहाँ रहेका धेरै बुकरही बलात्कारका सिकार हुनुपर्थ्यो । मालिकले उनीहरूमाथि मनमौजी गर्न सक्थ्यो । न बुकरही बोल्न सक्थिन् न कमैयाले प्रतिवाद गर्न सक्थ्यो । बोले लाठी बर्सिन्थ्यो वा झन् ठुलो हिंसा हुन्थ्यो ।

थारू गाउँ-गाउँमा रहेका जमिनदारले कमैया-कमलरीलाई मात्रै होइन, अन्य थारूमाथि समेत अत्याचार गर्थे । धेरै ठाउँमा थारूलाई जमिनदारकहाँ बेगारी (बिनापारिश्रमिक काम गर्न) का लागि बाध्य पारिन्थ्यो (जस्तै खेतमा धान रोप्न र काट्न) । कसैले आदेशको अवज्ञा गर्न सक्ने अवस्था थिएन । किनभने प्रहरी, अदालत, वकिल र स्थानीय प्रशासनका प्रभावशाली व्यक्तिसँग जमिनदारहरूको मिलेमतो र पहुँच बलियो थियो । जमिनदारविरुद्ध बोल्नु आफ्नो जीवन जोखिममा पार्नु थियो ।

यही सामाजिक-राजनीतिक सन्दर्भमा तत्कालीन नेकपा (माओवादी) कैलाली र अछाम जिल्ला सङ्गठन समितिले २०५५ साउन १६ देखि २५ गतेसम्म 'सामन्तहरूको हतियार कब्जा अभियान' चलाएको थियो । यस अवधिमा १७ जना शोषक-सामन्तलाई कारबाही गरी १४ वटा हतियार कब्जा गरिएको कुरा लेखक जोखन रत्गैँयाले आफ्नो डायरीमा उल्लेख गरेका छन् ।

त्यस अभियानपछि जमिनदारहरू गाउँ छाडेर सहर सर्न थाले । उनीहरूमाथिको कारबाहीले वर्षौंदेखि उत्पीडन भोग्दै आएका थारूमा प्रतिरोध गर्ने साहस पनि जगायो । त्यसअघि जस्तोसुकै अत्याचार भए पनि कमैया र कमलरीलाई मौन बस्न बाध्य बनाइएको थियो । अर्कोतर्फ, राज्यका धेरैजसो संयन्त्र पनि अत्याचारी जमिनदारका संरक्षणमै उभिएका थिए । कठिन सङ्घर्ष र आन्दोलनको दबाबपछि नेपाल सरकारले २०५७ सालमा कमैया मुक्ति घोषणा गर्‍यो । तर, कमलरी मुक्तिको विषय कमैया आन्दोलनको विषय बन्न नसकेकाले उनीहरूको मुक्तिका लागि अझै १२ वर्ष कुर्नुपर्‍यो । अन्ततः २०६९ सालमा सरकारले कमलरी प्रथा अन्त्य भएको घोषणा गर्‍यो ।

कमैया, कमलरी र बुकरहीहरूमाथि बर्साइएको बर्बरता आज पनि मानसपटलमा ताजै छन् । कोही आफैँ दास जीवन बिताएका घाउहरू बोकेर बाँचिरहेका छन् । तिनका बच्चाहरू आफ्ना आमाबुबा र हजुरआमा-हजुरबुबाले भोगेका अपमानका कथा सुन्दै हुर्किरहेका छन् ।

ती आँसुका कथा मात्रै होइनन्, नेपाली समाजको संरचनागत उत्पीडनमा जातीय विभेद, वर्गीय वर्चस्व र महिलामाथिका हिंसाका इतिहास हुन् । मौखिक स्मृतिमा कैद यी कथा नलेखिए कमैया, कमलरी र बुकरही पुस्ताले भोगेको अपमान, सङ्घर्ष र प्रतिरोधको एउटा महत्त्वपूर्ण अध्याय इतिहासबाटै हराउनेछ ।

*- 'कान्तिपुर' बाट*

# आत्मनिर्भर अर्थतन्त्रको आधार र घरेलु तथा साना उद्योगको विकास

शोभा गुरुङ

काठमाडौँ । नेपालको आर्थिक विकास र आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि घरेलु तथा साना उद्योगको भूमिका अत्यन्त महत्त्वपूर्ण छ । सीमित पुँजी, स्थानीय स्रोत-साधन, परम्परागत सीप र श्रमको उपयोग गरी सञ्चालन हुने यस्ता उद्योगले रोजगारी सिर्जना, गरिबी न्यूनीकरण, महिला सशक्तीकरण, ग्रामीण अर्थतन्त्रको सुदृढीकरण तथा विदेशी मुद्रा आर्जनमा उल्लेखनीय योगदान पुर्‍याउँदै आएका छन् । ठुला उद्योगको तुलनामा कम लगानीमा बढी रोजगारी सिर्जना गर्ने क्षमता भएकाले विकासोन्मुख मुलुकका लागि घरेलु तथा साना उद्योग आर्थिक विकासको बलियो आधार मानिन्छन् । तर, नेपालमा यस क्षेत्रले पर्याप्त सम्भावना हुँदाहुँदै पनि नीतिगत अस्थिरता, वित्तीय पहुँचको अभाव, प्रविधिगत कमजोरी, बजार प्रतिस्पर्धा र प्रशासनिक जटिलताजस्ता समस्याका कारण अपेक्षित गति लिनसकेको छैन ।

नेपालमा घरेलु तथा साना उद्योगको इतिहास निकै पुरानो छ । ढाका, हस्तकला, अल्लो, बाँस तथा निगालोका सामग्री, काठ तथा धातुकला, जडीबुटी प्रशोधन, दुग्धजन्य पदार्थ, खाद्य प्रशोधन, माटाका भाँडाकुँडा, प्रस्तरकला तथा अन्य परम्परागत उद्योगहरूले नेपाली समाजको आर्थिक तथा सांस्कृतिक जीवनमा महत्त्वपूर्ण योगदान दिएका छन् । पछिल्लो समय कृषि प्रशोधन, सूचना प्रविधि, ब्युटीपार्लर, महिला उद्यमशीलता र घरेलु उत्पादनमा आधारित साना उद्योगहरूको विस्तार पनि हुँदै गएको छ । यी उद्योगहरू झण्डै ३० प्रतिशत उद्योग महिला नेतृत्वमा सञ्चालित छन् । महिला सशक्तीकरणको मुख्य क्षेत्र भनेकै घरेलु तथा साना उद्योगको प्रवर्द्धन हुन सक्दछ । नेपालमा करिब सात लाख उद्योग सञ्चालनमा रहेका र तिनले करिब ३० लाख व्यक्तिलाई रोजगारी उपलब्ध गराएको अनुमान छ । हस्तकला उद्योगमा मात्र १० लाखभन्दा बढी व्यक्ति आबद्ध छन्, जसमा उल्लेखनीय सङ्ख्यामा महिला उद्यमी रहेका छन् । यसले घरेलु तथा साना उद्योग आर्थिक गतिविधिको माध्यम मात्र नभई समावेशी विकासको आधारसमेत भएको पुष्टि गर्छ ।

घरेलु तथा साना उद्योगले नेपालको कुल गार्हस्थ उत्पादन, रोजगारी र निर्यातमा पनि उल्लेखनीय योगदान दिएका छन् । हस्तकला क्षेत्रबाट मात्र वार्षिक अर्बौं रूपैयाँ बराबरको निर्यात हुने गरेको छ भने आन्तरिक बजारमा पनि यसको ठुलो कारोबार रहेको छ । विदेशी पर्यटकहरूले नेपाली हस्तकला, ढाका, मूर्तिकला तथा अन्य स्थानीय उत्पादन उपहारका रूपमा खरिद गर्ने भएकाले विदेशी मुद्रा आर्जनमा समेत यस क्षेत्रको योगदान उल्लेखनीय छ । नेपालको कुल गार्हस्थ उत्पादनमा औद्योगिक क्षेत्रको करिब पाँच प्रतिशत योगदान रहेकामा घरेलु तथा साना उद्योगको हिस्सा झण्डै ९० प्रतिशत रहेको छ । विकसित राष्ट्रहरूको अनुभवले पनि घरेलु तथा साना उद्योगको महत्त्व स्पष्ट पार्छ । उदाहरणको रूपमा जापानको औद्योगिक विकासमा करिब ९३ प्रतिशत योगदान घरेलु तथा साना उद्योग क्षेत्रको रहेको मानिन्छ । यसले नेपालजस्तो मुलुकमा पनि घरेलु उद्योगलाई आर्थिक विकासको मुख्य आधार बनाउन सकिने सम्भावना देखाउँछ ।

**चुनौतीको घेरा**

यद्यपि, वर्तमान अवस्थामा घरेलु तथा साना उद्योग अनेक समस्याबाट ग्रसित छन् । सबैभन्दा ठुलो समस्या पर्याप्त पुँजीको अभाव हो । अधिकांश उद्यमीले बैङ्क तथा वित्तीय संस्थाबाट सहज रूपमा ऋण प्राप्त गर्न सक्दैनन् । धितोको अभाव, जटिल प्रक्रिया, उच्च ब्याजदर र कठोर ऋण मापदण्डका कारण धेरै उद्योगी आवश्यक लगानी जुटाउन असफल भइरहेका छन् । सरकारले सहुलियतपूर्ण कर्जाको व्यवस्था गरे पनि त्यसको प्रभावकारी कार्यान्वयन हुनसकेको छैन । महिला उद्यमशीलताबापत प्रदान गरिने सहुलियत पनि अहिले रोकिएको अवस्था छ । यसले गर्दा नयाँ घरेलु तथा साना उद्योग स्थापना हुन त परै जाओस्, भएकाहरू पनि सीमित उत्पादनमै छन् भने कतिपय उद्योग बन्द हुने अवस्थामा पुगेका छन् ।

प्रविधिको अभाव अर्को प्रमुख चुनौती हो । अधिकांश घरेलु उद्योग अझै परम्परागत उपकरण र उत्पादन प्रणालीमा निर्भर छन् । आधुनिक मेसिन, गुणस्तर परीक्षण, अनुसन्धान तथा नवीन प्रविधिको प्रयोगमा लगानी कम भएकाले उत्पादनको गुणस्तर, उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता कमजोर बनेको छ । विश्व बजारमा नयाँ प्रविधि तीव्र रूपमा विकास भइरहे पनि नेपाली उद्यमी त्यसबारे पर्याप्त जानकारी र पहुँचबाट वञ्चित छन् । सरकारी तालिम केन्द्रहरूमा पनि समयअनुकूल पाठ्यक्रम र आधुनिक प्रविधिसम्बन्धी ज्ञानको अभाव देखिन्छ । यसले उद्योगहरूको दीर्घकालीन विकासमा नकारात्मक प्रभाव पारेको छ ।

बजार व्यवस्थापन तथा आयातीत वस्तुसँगको असमान प्रतिस्पर्धा पनि गम्भीर समस्या हो । विदेशी उत्पादन ठुलो परिमाणमा कम मूल्यमा नेपाली बजारमा भित्रिँदा स्वदेशी उद्योगका उत्पादन बिक्री गर्न कठिन भइरहेको छ । नेपाली उत्पादनको गुणस्तर राम्रो भए पनि ब्रान्डिङ, प्याकेजिङ, विज्ञापन र बजार विस्तारको कमजोरीका कारण तिनले उचित बजार पाउन सकेका छैनन् । उपभोक्तामा विदेशी वस्तुप्रतिको आकर्षण बढ्दै जाँदा स्थानीय उत्पादन थप दबाबमा परेका छन् । यसले उद्योगको उत्पादन, आम्दानी र रोजगारीमा प्रत्यक्ष असर पारेको छ ।

नीतिगत अस्थिरता र प्रशासनिक झन्झट पनि घरेलु उद्योगको विकासमा बाधक बनेका छन् । सरकार परिवर्तनसँगै उद्योगसम्बन्धी नीति र कार्यक्रम परिवर्तन हुने प्रवृत्तिले लगानीकर्तामा अन्योल सिर्जना गरेको छ । उद्योग दर्ता, नवीकरण, कर प्रशासन तथा विभिन्न अनुमति प्रक्रियाहरू अझै पनि जटिल र समयखर्ची छन् । विभिन्न सरकारी निकायबिच समन्वयको अभावले उद्योग सञ्चालन झन् कठिन बनेको छ । जडीबुटी, वन पैदावार वा प्रस्तर उद्योग सञ्चालनका लागि आवश्यक अनुमति लिन धेरै निकाय धाउनुपर्ने अवस्थाले उद्यमशीलतालाई निरुत्साहित गरेको छ । दक्ष जनशक्तिको अभाव पनि घरेलु तथा साना उद्योगको अर्को चुनौती हो । रोजगारीको खोजीमा युवा ठुलो सङ्ख्यामा वैदेशिक रोजगारीमा जानुका कारण उद्योगलाई आवश्यक प्राविधिक तथा दक्ष श्रमिकको अभाव हुँदै गएको छ । सरकारले सीप विकास तालिम सञ्चालन गरे पनि ती तालिम आधुनिक प्रविधि र बजारको मागअनुसार अद्यावधिक हुन सकेका छैनन् । यसले उद्योगमा नवप्रवर्तन, उत्पादन क्षमता र प्रतिस्पर्धात्मकता बढाउन कठिनाइ उत्पन्न गरेको छ ।

कोभिड-१९ महामारी, प्राकृतिक विपत्ति तथा आर्थिक मन्दीले पनि घरेलु उद्योगलाई ठुलो क्षति पुर्‍याएको थियो । हजारौँ उद्योग लामो समय बन्द भए, कच्चा पदार्थको मूल्य बढ्यो, यातायात खर्च महँगियो र उपभोक्ताको क्रयशक्ति घट्यो । महामारीपछि पनि धेरै उद्योग पूर्ण रूपमा पुन:स्थापित हुनसकेका छैनन् । यसले साना उद्योग सङ्कटप्रति अत्यन्त संवेदनशील हुने भएकाले यिनका लागि विशेष राहत, बीमा तथा संरक्षण संयन्त्र आवश्यक रहेको स्पष्ट पारेको छ । सरकारले २०७१ सालमा ल्याएको स्वदेशी वस्तु खरिद निर्देशिकामा स्वदेशी उत्पादन १५ प्रतिशत महँगो भए पनि खरिद गर्नुपर्ने भनिए पनि तीनै तहका सरकारहरूले आफू मातहतका निकायहरूमा यसलाई अनिवार्य नगर्दा विदेशी उत्पादनसँग प्रतिस्पर्धा गर्न कठिन भएको छ ।

नेपालमा कृषि, जडीबुटी, वन पैदावार, पर्यटन, हस्तकला, ढाका, अल्लो, बहुमूल्य पत्थर तथा स्थानीय कच्चा पदार्थमा आधारित उद्योग विस्तार गर्ने प्रशस्त अवसर छन् । वर्तमान सरकारले सूचना प्रविधिमा जोड दिएअनुसार उद्यमीहरूलाई डिजिटल प्रविधि, सामाजिक सञ्जाल, ई-कमर्स तथा अनलाइन बजारतर्फ अभिमुखीकरण गर्नुपर्नेछ । यसबाट गुणस्तरीय उत्पादन, आधुनिक प्याकेजिङ, प्रभावकारी ब्रान्डिङ र निर्यात प्रवर्द्धनमार्फत नेपाली उत्पादनलाई विश्व बजारमा स्थापित गर्न सकिने सम्भावना बलियो छ ।

**समाधानको बाटो**

घरेलु तथा साना उद्योगको विकासका लागि सरकार, निजी क्षेत्र, वित्तीय संस्था र उपभोक्ताबिच प्रभावकारी सहकार्य आवश्यक छ । सरकारले उद्योगमैत्री नीति, कर सहुलियत, सहुलियतपूर्ण कर्जा, सरल प्रशासनिक प्रक्रिया, आधुनिक प्रविधि हस्तान्तरण, अनुसन्धान तथा सीप विकास कार्यक्रमलाई प्राथमिकता दिनुपर्छ । बैङ्क तथा वित्तीय संस्थाले धितोमा मात्र आधारित नभई व्यवसायको सम्भाव्यता मूल्याङ्कन गरी सहज ऋण उपलब्ध गराउनुपर्छ । निजी क्षेत्रले बजार विस्तार, प्रविधि हस्तान्तरण र व्यवस्थापन सुधारमा सहकार्य गर्नुपर्छ भने उपभोक्ताले स्वदेशी उत्पादनप्रति विश्वास र प्राथमिकता दिनुपर्छ । स्वदेशी उत्पादनलाई प्रवर्द्धन गर्ने राष्ट्रिय नीति बन्नसके मात्र घरेलु उद्योगले दीर्घकालीन संरक्षण र प्रोत्साहन पाउनेछन् ।

घरेलु तथा साना उद्योग नेपालको आत्मनिर्भर अर्थतन्त्र निर्माण, दिगो विकास, रोजगारी विस्तार र समावेशी समृद्धिका आधारस्तम्भ हुन् । सरकारको सात प्रतिशतले आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य पूरा गर्न पनि यी उद्योगको संरक्षण र प्रवर्द्धन गर्न आवश्यक छ । कतिपय घरेलु तथा साना उद्योगहरूबाट उत्पादित सामान विदेशमा पनि निर्यात हुने गर्दछ तर विगत दुई वर्षदेखि त्यस्ता सामग्रीहरूमा उपलब्ध अनुदानलगायतका सहुलियत रोकिएको अवस्था छ । कर प्रणालीमा पनि घरेलु तथा साना उद्योगलाई विशेष संरक्षणको खाँचो पर्दछ । त्यसैले, घोषणामुखी कार्यक्रमभन्दा कार्यान्वयनमुखी नीति, आधुनिक प्रविधि, सहज वित्तीय पहुँच, दक्ष जनशक्ति विकास, बजार प्रवर्द्धन र स्वदेशी उत्पादनप्रतिको सकारात्मक उपभोक्ता संस्कारलाई प्राथमिकता दिन आवश्यक छ । घरेलु तथा साना उद्योगलाई विकासको केन्द्रमा राख्नसके गाउँमा रोजगारी बढ्ने, आयातमा निर्भरता घट्ने, स्थानीय स्रोत-साधनको अधिकतम् उपयोग हुने र नेपालको अर्थतन्त्र आत्मनिर्भरताको दिशामा सुदृढ रूपमा अघि बढ्नेछ ।

*(प्रस्तुत विचार नेपाल घरेलु तथा साना उद्योग महासङ्घका अध्यक्ष गुरुङसँग राससले गरेको कुराकानीमा आधारित)*

# देशको अवस्थाबारे उब्जिएका प्रश्न

- सरकारले निजी शिक्षा र स्वास्थ्यमा ३ प्रतिशत समता शुल्क लगायो। यसको नेपाली जनताले विरोध गरे। यसले रास्वपा सरकार निम्नवर्गलाई दु:ख दिने प्रतिक्रियावादी साबित भयो। अन्तत: जनताको विरोधका कारण रास्वपा सरकारले शिक्षा र स्वास्थ्यमा लगाएको करको निर्णय फिर्ता लिन बाध्य भयो। पहिलेका सरकारहरूले पनि ५ प्रतिशत शिक्षा कर लगाएका थिए। जनताको विरोधपछि फिर्ता लिनुपरेको थियो।
- सरकारले दिएको सार्वजनिक बिदा पुनरावलोकन गर्न कार्यदल गठन गऱ्यो। नेपाल सार्वजनिक बिदा धेरै भएको देश हो। जनताको करबाट नियमित पारिश्रामिक लिने कर्मचारीलाई यति धेरै बिदा दिएर देश अगाडि बढ्दैन।
- एनसेल कर्मचारी ट्रेड युनियनले स्मार्ट सेल लिलाम प्रक्रियामा १० गुणाभन्दा बढी लिलामी शङ्कास्पद रहेको प्रश्न उठायो। यसमा तत्कालीन सञ्चारमन्त्री जगदीश खरेलको पनि संलग्नता रहेको खुल्यो। यस विषयमा रास्वपाका अध्यक्ष रवि लामिछाने र प्रम बालेन साहले जवाफ दिनु पर्दैन र ?
- इन्टरनेट तथा सामाजिक सञ्जालको कारण बालबालिकाको मानसिक स्वास्थ्यमा गम्भीर असर परिरहेको छ। सामाजिक सञ्जाल दुरूपयोगकै कारण भदौ २३ र २४ गते नेपालमा विध्वंसात्मक गतिविधि भयो। भविष्यका कर्णधारहरूलाई सामाजिक सञ्जालको कुलतमा फसाउने सरकारदेखि जनता सचेत हुनु जरुरी छ।
- पछिल्लो समय मानव र वन्यजन्तुबिच द्वन्द्व बढिरहेको समाचार प्रकाशित भइरहेका छन्। आजसम्मका सरकारहरूले देशको सन्तुलित विकास गरेनन्। गाउँ-गाउँबाट मानव बस्ती उठाएर सहरमा बस्ती बसाल्न पुगेपछि वन्यजन्तु कम मानव बस्ती भएको ठाउँतर्फ सरेका हुन्। यसकारण, जिल्ला जिल्लाका मानिसहरूलाई आ-आफ्नै ठाउँमा बस्न लगाई देशको सन्तुलित विकास गर्नु जरुरी छ।
- कृषिप्रधान देशको सरकारले किसानलाई समयमै मल उपलब्ध गराउन सकेन। सीमावर्ती भारतीय बजारमा मल किन्न गएका सर्लाहीका दुई दाजुभाइ २० दिनदेखि भारतीय जेलमा परेको समाचार प्रकाशित भयो। विदेशीसँग ऋण लिएर अनुत्पादक क्षेत्रमा लगानी गर्ने सरकारले देशमै रासायनिक मल कारखाना खोल्ने काम नगर्दा मल किन्न गएका नेपाली भारतमा पक्राउ परेका हुन्।
- सप्तरीको हनुमाननगरमा रहेको कोसी व्यारेजको आयु ५० वर्ष तोकिएको थियो। ६४ वर्षपछि यो व्यारेजमा जोखिम बढ्दो छ। कोसी व्यारेज फुटेर जनधनको क्षति भयो भने १५ वर्षयताको सरकारमा गएका शासकहरू जिम्मेवार हुनेछन्। नेपाली भूमिमा बनेको यो व्यारेजको ताल्चासाँचो भारतीय पक्षले कब्जा गरेर नेपाललाई एकतर्फी हानि पुऱ्याउने सम्झौता रद्द गर्नुपर्छ। नेपाल सरकारले कोसी उच्च बाँध बनाउन तयारी गरेको पनि देशघाती कदम हो।

*गाजाको...*

सन् २०२३ अक्टोबर -७ देखि गाजापट्टिमा इजरायली कब्जाले चलाएको नरसंहारजन्य युद्धबाट मृत्यु हुनेहरूको सङ्ख्या ७३ हजार २९३ पुग्नुका साथै एक लाख ७३ हजार ९०६ जना घाइते भएको जनाइएको छ। इजरायली कब्जा बलहरूले गाजापट्टिका धेरै क्षेत्रहरूमा थप गोलाबारी, छापा र भारी आक्रमण गरेर गाजापट्टिमा युद्ध-विराम सम्झौताको उल्लङ्घन गर्ने कार्य जारी राखेको पनि ओएचसीएचआरले जनाएको छ।

## हार्दिक समवेदना



जन्म : २०१८/०६/१०
निधन: २०८३/०४/०४

यस संस्थाका सदस्यता नं. २१० का सदस्य **आसामरू माता**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**लोकेश्वर बचत तथा ऋण सहकारी संस्था लि.**
इटाछेँ-२, भक्तपुर, फोन नं. ६६१९०६८

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी-२, भक्तपुर

## सूचना

**प्रथमपटक प्रकाशित मिति : २०८३/०४/०७**

भक्तपुर नगरपालिकाको क्षेत्रभित्र सञ्चालित गुठी तथा संस्थागत विद्यालयहरूको आ.व. २०८२/८३ को अन्तिम लेखापरीक्षण गर्न विद्यालय व्यवस्थापन समितिबाट सिफारिस भई आएको लेखा परीक्षकलाई स्वीकृति दिने व्यवस्थाअनुसार न.पा.बाट स्वीकृति लिन सम्बन्धित विद्यालयहरूलाई यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र यस नगरपालिकामा तपसिलबमोजिमका कागजातहरूसहित निवेदन पेस गर्न यो सूचना प्रकाशन गरिएको छ।

**संलग्न गर्नुपर्ने कागजातहरू :**

१. आ.व. २०८२/८३ को सफाइ शुल्क तिरेको प्रमाणको प्रतिलिपि।
२. सम्बन्धित वडामा आ.व. २०८२/८३ को वार्षिक कर तिरेको प्रमाणको प्रतिलिपि।
३. घर/जग्गा बहाल कर तिरेको प्रमाणको प्रतिलिपि।
४. विद्यालय व्यवस्थापन समितिबाट दर्तावाला लेखापरीक्षकको नाम सिफारिसको निर्णयको प्रमाणको प्रतिलिपि।
५. लेखापरीक्षकको नागरिकता, आ.व. २०८१/८२ को कर चुक्ताको प्रमाण, ICAN मा दर्ता तथा चालू आ.व.को नवीकरण भएको प्रमाणको प्रतिलिपि।
६. आ.व. २०८१/८२ को विद्यालयको कर चुक्ताको प्रमाणको प्रतिलिपि।
७. लेखापरीक्षकको सम्बन्धित स्थानीय तहमा व्यवसाय दर्ता गरेको प्रमाणको प्रतिलिपि।

# आयुर्वेद सेवालाई थप प्रभावकारी बनाउन छलफल

काठमाडौँ, ६ साउन। आयुर्वेद सेवालाई थप प्रभावकारी बनाउन र स्वास्थ्य प्रणालीसँग एकीकृत गर्ने विषयमा बुधबार उच्चस्तरीय छलफल भएको छ।

स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताको उपस्थितिमा आयुर्वेद तथा वैकल्पिक चिकित्सा क्षेत्रको सुधार, सेवा विस्तार तथा नीतिगत व्यवस्थापनका विषयमा छलफल भएको हो। सो क्रममा नेपाललाई आयुर्वेदिक पर्यटनको गन्तव्यको रूपमा विकास गर्ने विषयमा विशेष जोड दिइएको छ।

मन्त्री मेहताले आयुर्वेद तथा वैकल्पिक चिकित्सा सरकारको प्राथमिकतामा रहेको उल्लेख गर्दै नेपाल आयुर्वेदको उद्गमस्थल भएकाले यसको संरक्षण, प्रवर्द्धन र स्वास्थ्य पर्यटनसँग जोडेर विकास गर्नुपर्ने बताउनुभएको छ। सरकार यस क्षेत्रको विकासका लागि आवश्यक नीतिगत तथा संस्थागत सहयोग गर्न प्रतिबद्ध रहेको उहाँले बताउनुभयो।

पोखरास्थित गण्डकी आयुर्वेद अस्पताल, कीर्तिपुरस्थित आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र र बूढानीलकण्ठस्थित राष्ट्रिय आयुर्वेद पञ्चकर्म तथा योग केन्द्रलाई आयुर्वेदिक स्वास्थ्य पर्यटनका प्रमुख केन्द्रका रूपमा विकास गर्ने विषयमा पनि विशेष जोड दिइएको छ।

ती संस्थाहरूको पूर्वाधार, सेवा, विशेषज्ञ जनशक्ति र अन्तर्राष्ट्रियस्तरको वेलनेस सेवाको क्षमता अभिवृद्धि गर्दै नेपाललाई आयुर्वेदिक स्वास्थ्य पर्यटनको आकर्षक गन्तव्यको रूपमा स्थापित गर्ने रणनीतिमा मन्त्रालयले काम अघि बढाउने जनाएको छ।

आयुर्वेद सेवालाई स्वास्थ्य बीमा कार्यक्रममा समावेश गर्ने, सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गर्ने, मन्त्रालयमा आयुर्वेदसम्बन्धी संस्थागत संरचना सुदृढ गर्ने, जडीबुटी उत्पादनदेखि प्रशोधन र औषधि उत्पादनसम्मको मूल्य शृङ्खला विकास गर्ने तथा विश्व स्वास्थ्य सङ्गठन मापदण्डअनुसार उत्पादन प्रणाली सुदृढ गर्ने विषयमा सहभागीहरूले सुझाव दिएका थिए।

भू-संरक्षणमा ध्यान दिऔं

❖भू-क्षय र पहिरो नियन्त्रणमा योगदान दिऔं,
❖भिरालो जमिनमा खेती गर्दा गरा बनाई गरौं,
❖भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटबिरुवा रोपौं,
❖विना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
❖भू-बनोट र वातावरणीय अध्ययन गरेर मात्र सडक पूर्वाधार निर्माण गरौं,
❖वन, जलस्रोत र प्राकृतिक सम्पदाको संरक्षण गरौं,
❖भू-संरक्षणमा समुदायको सहभागिता बढाऔं।

भू-रक्षाः जीवनको सुरक्षा

नेपाल सरकार
विज्ञापन बोर्ड

# वाग्मती प्रदेश सरकारबाट एमाले बाहिर

काठमाडौँ, ६ साउन। वाग्मती प्रदेश सरकारबाट नेकपा (एमाले) बाहिरिएको छ।

एमालेका प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलियाले पत्रमार्फत मुख्यमन्त्री इन्द्रबहादुर बानियाँलाई आफ्नातर्फका मन्त्रीहरूको संयुक्त राजीनामा पेस गर्नुभएको हो। प्रदेश सरकारहरूमा गठनबन्धन उलटपुलटबारे विभिन्न दलहरूबिच शीर्ष तहमा संवाद चलिरहेको बेला एमालेले वाग्मतीका सम्बन्धमा यस्तो निर्णय लिएको हो।

नेता थपलियाको पत्रमा एमालेको निर्णय र वर्तमान राजनीतिक परिस्थितिलाई दृष्टिगत गरी राजीनामा दिइएकोले आवश्यक संवैधानिक एवं कानुनी प्रक्रिया अघि बढाउन आग्रह गरिएको उल्लेख छ।

साउन ४ गते सो दलको काठमाडौँमा भएको बैठकले प्रदेश सरकारबाट बाहिरिने वा समर्थन फिर्ता लिने विषयमा छलफल गरेको थियो।

## हार्दिक समवेदना



जन्म
१९९९/०९/१३

स्वर्गारोहण
२०८३/०४/०३

नेपाल कर्मचारी समाज इन्जिनियरिङ कलेज एकाइ समितिका सदस्य काजीबहादुर पञ्चकी ममतामयी माता **नानीमाया पञ्च**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**नेपाल कर्मचारी समाज इन्जिनियरिङ कलेज एकाइ समिति**
लिबाली, भक्तपुर

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी-२, भक्तपुर

## लेखा परीक्षणसम्बन्धी सूचना

**प्रथमपटक प्रकाशित मिति : २०८३/०४/०७**

भक्तपुर नगरपालिकाको क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयहरू तथा सिकाइ केन्द्रहरूको आ.व. २०८२/०८३ को अन्तिम लेखापरीक्षण गर्न तपसिलबमोजिमका कागजातहरूसहित सम्बन्धित विद्यालयबाट कम्तीमा ३ जना लेखापरीक्षक सिफारिस गरी पठाउन यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र यस नगरपालिकामा पेस गर्नुहुन अनुरोध छ।

**संलग्न गर्नुपर्ने कागजातहरू :**

१. लेखा परीक्षकहरूको व्यक्ति वा फर्म वा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि।
२. लेखा परीक्षकहरूको स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणको प्रतिलिपि।
३. लेखा परीक्षकहरूको आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
४. लेखा परीक्षकहरूको नेपाल चार्टड एकाउन्टेन्ट संस्थामा चालू आ.व.को लेखापरीक्षण प्रमाणपत्र नवीकरण गरेको इजाजतपत्रको प्रतिलिपि।
५. सम्बन्धित स्थानीय तहमा लेखापरीक्षकको व्यवसाय दर्ता तथा चालू आ.व.को नवीकरणको प्रमाणको प्रतिलिपि।
६. विद्यालय व्यवस्थापन समितिबाट तीन जना लेखापरीक्षक सिफारिस गरेको निर्णयको प्रतिलिपि।
७. चालू आ.व.को विद्यालयले सफाइ शुल्क तिरेको रसिदको प्रतिलिपि।

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

## अन्तर्वार्तासम्बन्धी सूचना

भक्तपुर नगरपालिकाबाट सञ्चालन गर्ने **आदर निकेतन**को लागि सेवा करारमा लिन सहायकस्तर पाँचौं तह १ जनाको लागि लिइएको लिखित र हल्का सवारी चालक १ जनाको लागि लिइएको प्रयोगात्मक परीक्षामा सफल देहायबमोजिमका उम्मेदवारहरूलाई निम्न मिति, समय र स्थानमा हुने अन्तर्वार्तामा आवश्यक कागजातसहित उपस्थित भइदिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीको लागि भ.न.पा. प्रशासन शाखामा सम्पर्क गर्नुहोला।

**सफल उम्मेदवारहरूको नामावली**

| पदः सहायकस्तर पाँचौं तह | | | |
|---|---|---|---|
| क्र.सं. | रोल नं. | नामथर | ठेगाना |
| १. | ९ | गंगाराम कोजु | भनपा ६ |
| २. | ३ | विज्ञान अवाल | भनपा ६ |
| ३. | १२ | सम्झना खाइजु | भनपा ७ |
| ४. | ४ | सरिता खुसु | भनपा १० |
| ५. | १५ | सुनकेशरी दुवाल (वमनु) | भनपा १ |

| पदः हलुका सवारी चालक | | | |
|---|---|---|---|
| क्र.सं. | रोल नं. | नामथर | ठेगाना |
| १. | ४ | कमल तुल्सीबाख्यो | भनपा ७ |
| २. | २ | निरण मानन्धर | भनपा ३ |
| ३. | ५ | विकास मथ्या | भनपा ५ |
| ४. | ३ | रुकेश गाईजु | भनपा ८ |

**अन्तर्वार्ता**

**मिति** : २०८३/०४/१२ गते, मङ्गलबार
**समय** : बिहान ८:०० बजेदेखि (हलुका सवारी चालक)
बिहान ९:०० बजेदखि (सहायकस्तर पाँचौं तह)
**स्थान** : भ.न.पा. सभाकक्ष

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा